# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१९१५४००, ९८४१५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १३८ | काठमाडौं | सोमबार, २३ भदौ २०८२ | Prabhab National Daily | Monday, 08 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


# सरकारविरुद्ध विद्रोहमा जेन-जी

■ जेबी योञ्जन

**काठमाडौं–** देशमा व्याप्त चरम बेथिति र भ्रष्ट राजनीतिको चित्र पूरै बदल्ने मूल संकल्पसहित 'जेनेरेसन-जेड' भनिने 'जेन-जी पुस्ता' (सन् १९९७ देखि २०१२ को बीचमा जन्मिएका) पहिलोपटक सडक संघर्षमा उत्रिँदै छन्। यो पुस्ता यसअघि राजनीतिप्रति मौन थियो। 'भर्चुअल' दुनियाँमा अल्मलिएका थिए। तर, आज सरकारविरुद्ध विद्रोहमा होमिँदै छन्।

देश तथा विदेशमा रहेका भ्रष्टाचारविरोधी नेपालीले जेन-जीको विद्रोह ऐतिहासिक र निर्णायक हुनुपर्ने भन्दै समर्थन गरेका छन्। यसरी वैश्विक समर्थन प्राप्त जेन-जी विद्रोह त्यस्तो बेला देशमा हुँदै छ, जतिबेला इण्डोनेसियामा जेन-जीकै विद्रोहले सत्तापलट भएको छ। युवा-विद्यार्थी सम्मिलित भीषण संघर्षले पछिल्लो एक वर्षमा फिलिपिन्स, बंगलादेश र श्रीलंकामा भ्रष्ट सत्ता ढले।

यिनै दृष्टान्तबीच सरकारले सूचीकृत नभएका सामाजिक सञ्जाल सञ्चालनमा रोक लगाएपछि भर्चुअल माध्यम रेडिट, इन्स्टाग्राम र टिकटकमार्फत संगठित जेन-जी विद्रोह भौतिकरूपमै प्रकट हुन लागेका हुन्। जेन-जीले जुनसुकै दलमा आबद्ध युवालाई विद्रोहमा स्वागत गरेका छन्। 'जेन-जी मुभमेन्ट नेपाल' नाम दिएर आन्दोलनमा उत्रिने यो पुस्ताले आइतबार सूचना जारी गर्दै भ्रष्टाचारलाई निष्प्रभावी बनाउँदै देशमा न्याय, शान्ति र विकास सम्भव तुल्याउने उद्देश्य रहेको स्पष्ट पारेका छन्।

'हामी नेपालको जेन-जी युवापुस्ता जवाफदेही, पारदर्शिता र सुधारको आन्दोलनका लागि शान्तिपूर्ण, कानुनी र अडिग भएर उभिएका छौं,' सूचनामा भनिएको छ, 'हाम्रो मिसन स्पष्ट छ, भ्रष्टलाई जवाफदेही बनाउने, सरकारमा पारदर्शिता सुनिश्चित गर्ने र प्रशासनिक प्रणालीलाई साँच्चै कानुनी र राजनीतिक हस्तक्षेपविहीन बनाउने, ताकि भ्रष्टाचारलाई निष्प्रभावी पार्न सकियोस् र न्याय, शान्ति र विकास सम्भव होस्।'

सरकारविरोधी आन्दोलन शान्तिपूर्ण र अनुशासित हुने जनाएका छन्। आन्दोलनमा हिंसा र तोडफोड वा अव्यवस्थाको स्थान नहुने उल्लेख छ। दलहरूलाई आन्दोलन 'हाइज्याक' नगर्न पनि जेन-जी पुस्ताको चेतावनी छ।

'राजनीतिक प्रभाव तथा यो आन्दोलनलाई आफ्नो स्वार्थ वा पार्टीगत एजेण्डाका लागि अपहरण गर्न वा घूसपैठ गर्न प्रयास नगर्नुहोला। यो राजनीतिक लाभका लागि होइन, यो नेपालको भविष्यका लागि हो,' सूचनामा छ। सरकारलाई शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकारको सम्मान गर्न पनि आग्रह गरिएको छ। आन्दोलनको क्रममा हिंसा वा अवैध बल प्रयोग गरिए सरकारले मानवअधिकार उल्लंघन गरेको अर्थमा बुझिने उल्लेख छ।

यही पुस्ताका कतिपयले अहिले टिकटकमा नेताका छोराछोरी र आफन्तको विलासी जीवनशैलीलाई पर्दाफास गर्ने अभियान 'नेपोबेबी' समेत चलिरहेको छ। इण्डोनेसियाबाट सुरू भएको यो अभियान अहिले नेपालमा आइपुगेको हो। उच्च तहका नेता र कर्मचारीहरूका सन्तानका विलासी जीवनशैली फर्दाफास गरिएका भिडियोहरू टिकटकमा भाइरल भइरहेका छन्। नेताका छोराछोरीले अपनाउने विलासितापूर्ण जीवनशैलीका लागि आर्थिक स्रोत के हो ? प्रश्न उठाएका छन्। चरम भ्रष्ट राजनीतिप्रति उनीहरूको निष्कर्ष छ, 'हामी गरिब होइन, हामी लुटिएका छौं।' उनीहरूले 'वाक अफ नेपाल' अभियान पनि चलाएका छन्।

यसरी यो पुस्ताले गर्ने आन्दोलन स्वाभाविक भएको भन्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रमुख विपक्षी नेता पुष्पकमल दाहालले आन्दोलनमा बल प्रयोग नगर्न सरकारलाई चेतावनी दिएका छन्। उनले सामाजिक सञ्जालमाथि रोक लगाउने गलत सरकारी कदमलाई जेन-जी पुस्ताको आन्दोलनको आधार मानेका छन्।

आइतबार साँझ प्रतिबन्धित फेसबुकमै स्टाटस लेख्दै दाहालले भने, 'सरकारले गरिरहेको भ्रष्टाचार र सामाजिक सञ्जाल अवरोधका विरुद्ध युवाहरूले गर्न लागेको प्रदर्शन स्वाभाविक छ, प्रदर्शनमाथि सरकारले बल प्रयोग गर्ने धृष्टता नगरोस्।'

जेन-जी पुस्ताको आन्दोलनलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समर्थन जनाएको छ। सरकारको शृंखलाबद्ध कुशासन र राज्यशक्तिको दुरूपयोग, स्वतन्त्रता र मौलिक हक हनन्का विरुद्ध रास्वपाले सदनदेखि सडकसम्म आवाज उठाइरहेको भन्दै यस्तोबेला जेन-जीसमेत सशक्त ढंगले सडकमा आउन आँट गर्नु उल्लेख्य राजनीतिक परिघटना भएर रास्वपाले उल्लेख गरेको छ।

रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीले जारी गरेको विज्ञप्तिमा जेन-जीले उठाएका विषयहरूलाई निष्कर्षमा पुर्‍याउन अपिल गरिएको छ। 'नवयुवा पुस्ताको यस अभूतपूर्व प्रदर्शनमा सरकारको प्रतिक्रिया एवं बक्रदृष्टिमाथि हाम्रो निगरानी रहने छ। जेन-जीले उठाएका विषयहरूलाई निष्कर्षमा पुर्‍याउन अपिल गर्दै जेन-जीको यो प्रयासलाई बिथोल्ने, घूसपैठ र दमन गर्नेलगायतका कार्य नगर्न सरकार र सत्तापक्षीय दलहरूलाई खबरदारी गर्दछौं,' विज्ञप्तिमा भनिएको छ।

सत्तारुढ दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले जेन-जीको आवाज बेलैमा नसुनिए पछि पछुताउनुपर्ने बताएका छन्। उनले जेन-जीलाई राजनीतिक दाउपेचको खासै मतलव नगर्ने र देशमै बसेर केही गर्छु भन्ने होनाहार युवाहरू भएको बताएका छन्।

⏭ क्रमशः पृष्ठ २ मा



*एआईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर*

हाम्रो मिसन स्पष्ट छ, भ्रष्टलाई जवाफदेही बनाउने, सरकारमा पारदर्शिता सुनिश्चित गर्ने र प्रशासनिक प्रणालीलाई साँच्चै कानुनी र राजनीतिक हस्तक्षेपविहीन बनाउने, ताकि भ्रष्टाचारलाई निष्प्रभावी पार्न सकियोस् र न्याय, शान्ति र विकास सम्भव होस्। ***-जेन-जी पुस्ता***

- 'भर्चुअल' दुनियाँमा रमाएको जेन-जी पुस्ता पहिलोपटक सरकारविरूद्ध विद्रोहमा
- नेपो बेबी, वाकअफ नेपालजस्ता अभियानमार्फत संगठित जेन-जी राजनीतिको चित्र बदल्ने संकल्पसहित विद्रोहमा
- जेन-जीको विद्रोहलाई केही सत्तापक्षीय नेता र विपक्षी नेतासँगै स्वतन्त्र अभियन्तादेखि जनप्रतिनिधिसम्मको समर्थन

## जेन-जीले कानुन बुझ्छः प्रम

प्रधानमन्त्री केपी शर्मा ओलीले जेन-जीले देशको कानुन बुझ्ने बताएका छन्। पार्टीको दोस्रो विधान महाधिवेशनमा समूहगत प्रस्तुतीकरणपछि बोल्दै उनले जेन-जी पुस्ता बेथिति र हेपाहा प्रवृत्तिको विरोधी भएको पनि बताए।

'कतिपयले जेन-जी पुस्तालाई विद्रोह गराउने कुरा पनि गर्छन्, तर जेन-जी पुस्ता देशलाई माया गर्छ। देशको कानुन बुझ्छ। जेन-जी पुस्ता बेथिति र हेपाहा प्रवृत्तिको विरोधी हो,' ओलीले भने। उनले सामाजिक सञ्जाल बन्द हुनुलाई केही बुद्धिजीवी भनिनेहरूले वाक स्वतन्त्रता कुण्ठित गरियो भनेर भ्रम फैलाएको आरोप लगाए।

'मुलुकको स्वाधीनता र राष्ट्रियताका लागि सरकारले नेपालमा सामाजिक सञ्जाल दर्ता हुन भनेर एक वर्षदेखि भनिरहको छ,' उनले भने, 'कानुनको दायरामा आउन भन्दा नआएपछि सञ्चालनमा रोक लगाइएको हो। तर विरोध गर्ने केही बुद्धिजीवीहरूले वाक स्वतन्त्रताको अर्थ बुझेका छैनन्।' जेन-जीले भने सामाजिक सञ्जाल बन्द र भ्रष्टाचारको विरोध गर्दै आज काठमाडौंको माइतीघरमा प्रदर्शन गर्दै छन्।

**सन्दर्भः वैदेशिक रोजगार**

# युएईमा धमाधम वैधानिकीकरण श्रम स्वीकृति दिइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई) मा सञ्चालन गरिएको वैधानिकीकरण श्रम स्वीकृतिमा उल्लेख्यरूपमा नेपालीहरूको उपस्थिति रहेको युएईस्थित नेपाली दूतावासले जानकारी दिएको छ।

दूतावासले अबुधाबीबाट करिब २०० किलोमिटरको दूरीमा रहेको अल-ऐन सहरमा शनिबार घुम्ती श्रम वैधानिकीकरण सञ्चालन गरेको थियो। जसमा वैधानिकीकरणका लागि धेरै नेपालीहरू आएको दूतावासले विज्ञप्तिमार्फत जानकारी दिएको छ।

युएईबाट पहिलोचोटि गत साउन ३ गतेबाट सुरु भएको वैधानिकीकरण प्रक्रियालाई क्रमशः विभिन्न स्थानहरूमा विस्तार गर्दै लगिएको छ। नेपालस्थित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको निर्देशिकाअनुसार सन् २०२४ को सेप्टेम्बर ३० सम्म रोजगारीका लागि भिसा प्राप्त भई युएईमा कार्यरत नेपालीहरूले यो प्रक्रियामा सहभागी हुन पाउँछन्। दूतावासले युएईका विभिन्न स्थानमा अवैधानिकरूपमा कार्यरत नेपालीहरूलाई वैधानिक बनाउने योजनाअनुरूप घुम्ती शिविर सञ्चालन गर्दै आएको छ।



पासपोर्ट भएर पनि अन्य कागजात नहुँदा अवैधानिक ठहरिएका श्रमिकहरू यो प्रक्रियाबाट वैधानिक बन्न पाउँछन्। अवैधानिक हिसाबले काम गर्दा श्रमिकहरू ठगीमा पर्ने, कानुनी कारबाहीमा पर्ने, श्रमअधिकारको उचित उपयोग गर्न नपाउनेजस्ता समस्यामा पर्छन्। भिजिट भिसामा गएर लुकिछिपी बसेका, भिसाको म्याद सकिएपछि पनि स्वदेश नफर्किने, कम्पनी छोडेर अन्यत्र भाग्ने, गैरकानुनी बाटोबाट मुलुक प्रवेश गरेकालगायत श्रमिक यस्तो समस्यामा पर्छन्।

यसरी अवैधानिक तवरबाट झण्डै १० लाख नेपालीहरू विभिन्न मुलुकमा बासोबास गरिरहेको हुनसक्ने श्रम मन्त्रालयको भनाइ छ। जुनसुकै तवरबाट रोजगारीमा गएर जस्तो अवस्थामा बसेको भए पनि उनीहरूलाई हेर्ने जिम्मा नेपाल सरकारकै भएको श्रममन्त्री शरतसिंह भण्डारीले बताउने गरेका छन्। वैधानिक प्रक्रियामा ल्याइसकेपछि उनीहरूको पनि हक अधिकार सुनिश्चित हुने र कुनै समस्या परे उद्धारका लागि सहज हुने मन्त्रालयले बताउँदै आएको छ।

अवैधानिकरूपले बस्दा सम्बन्धित देशको सरकारले जुनसुकै बेला नेपाल फर्काइदिने डर हुन्छ भने वैधानिक भइसकेपछि अन्य श्रमिकसरह कानुनी अधिकार प्रयोग गर्न पाइन्छ। वैधानिकीकरणको प्रक्रियालाई क्रमशः अन्य मुलुकमासमेत विस्तार गर्दै लगिने मन्त्रालयले जानकारी दिएको छ।

## यस्तो छ वैधानिकीकरणको प्रक्रिया

वैधानिकीकरण श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा फाराम भर्नुपर्छ। यस्तो फाराम निःशुल्क भर्न सकिन्छ।

फाराम भर्दा व्यक्तिगत विवरण, पासपोर्ट नम्बर, नजिकको हकवालाको विवरण, रोजगारदाता कम्पनीको नाम, नम्बर, तथा अन्य आवश्यक विवरण उल्लेख गर्नुपर्छ। युएईस्थित दूतावासको सूचनाअनुसार फाराम भर्दा १८ वर्षदेखि ३५ वर्ष उमेर भएकाहरूका लागि तीन हजार ७०८ रूपैयाँ, ३६ देखि ५० वर्ष उमेर भएकाहरूलाई चार हजार ९३१ रूपैयाँ र ५१ देखि ६४ वर्ष उमेर भएकाहरूलाई नौ हजार ४६३ रूपैयाँ बिमा शुल्क तोकिएको छ। उक्त बिमा अवधि साढे दुई वर्षको हुन्छ।

⏭ क्रमशः पृष्ठ २ मा

# विधान संशोधनमा कांग्रेसलाई पछ्याउँदै एमाले

- विधान महाधिवेशनबाट उपाध्यक्ष विष्णु पौडेलको प्रस्ताव हुबहु पारित
- विधान महाधिवेशनको नाम फेरिएर कांग्रेसको जस्तै नीति महाधिवेशन
- कांग्रेसमा वरिष्ठ नेता पद निस्क्रिय रहेजस्तै एमालेले पनि विधान संशोधनमार्फत वरिष्ठ उपाध्यक्ष पदलाई निस्क्रिय बनायो
- एमालेमा अब सदस्य र संगठित सदस्य रहने, जुन कांग्रेसमा साधारण सदस्य र क्रियाशील सदस्यता लिने प्रावधानजस्तै बनाइएको हो




■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्ता नेतृत्व दल नेकपा एमालेले विधान संशोधनमा सत्तासहयात्री नेपाली कांग्रेसलाई पछ्याएको छ। ललितपुरको गोदावरीमा सम्पन्न दोस्रो विधान महाधिवेशनले केही महत्त्वपूर्ण विषयमा कांग्रेसलाई पछ्याएको देखिएको हो।

कांग्रेसले महासमितिलाई 'नीति महाधिवेशन' नाम दिँदै आएको छ। एमालेले यसैको नक्कल गर्दै अब विधान महाधिवेशनलाई नीति महाधिवेशन भन्नेगरी संशोधन गरेको छ। उपाध्यक्ष विष्णुप्रसाद पौडेलले गोदावरीमा प्रस्तुत गरेको विधान संशोधनको प्रस्तावको धारा १५ मा यसबारे प्रस्ताव गरिएको थियो।

विधान महाधिवेशनले पौडेलको प्रस्ताव हुबहु पारित गर्ने निर्णय गरेसँगै अब विधान महाधिवेशन नीति महाधिवेशनमा परिवर्तन भएको छ। उक्त प्रस्तावमा संशोधन गर्नुपर्ने कारणमा भनिएको छ- विधिको आधार नीति हुने हुँदा नीति र विधि पारित गर्न आयोजना गरिने महाधिवेशनलाई नीति महाधिवेशन भन्नु उपयुक्त हुने।

नीति महाधिवेशन कांग्रेसले प्रयोग गर्दै आएको 'टर्म' हो। यसअघि तत्कालीन वरिष्ठ नेता रहेका रामचन्द्र पौडेलको पालामा २०७५ मंसिरमा सिंहदरबार अगाडिको यगम्बर पार्टी प्यालेसमा नीति महाधिवेशन भन्दै महासमिति बैठक डाकिएको थियो। यद्यपि, कांग्रेसले यो विषयलाई विधानमा भने समेटेको छैन। पछिल्लोपटक गोदावरीमा भएको महासमितिलाई नीति महाधिवेशनमा 'कन्भर्ट' गर्न खोज्दा विधानमै नभएको व्यवस्था भन्दै विवाद भएको थियो।

### वरिष्ठ नेता पद हटाइने

अहिले नेपाली कांग्रेसमा वरिष्ठ नेता पद निस्क्रिय छ।

⏭ क्रमशः पृष्ठ २ मा

# चौथोपटक जिब्रो छेडाएर परम्परा धानेका वीरेन्द्रभक्त

**भक्तपुर–** इन्द्रजात्राको अवसरमा यहाँको मध्यपुरथिमि नगरपालिका-४ बालकुमारी निवासी ३८ वर्षीय वीरेन्द्रभक्त गजू श्रेष्ठले आइतबार साँझ जिब्रो छेडाएर भक्तपुरको दत्तात्रय र नवदुर्गा मन्दिरसम्म यात्रा गरेका छन् ।

भाद्र शुक्ल पूर्णिमाको साँझ आइतबार राति ८:३० बजे मध्यपुरथिमि नगरपालिका-४ र ५ को संगमस्थलमा दिगुटोल दिग भैरव अगाडिको डबलीमा कर्मी नाइके बाबुकाजी श्रेष्ठले तीनवटा चुच्चो भएको १० इन्च लामो फलामको सियोले उनको जिब्रो छेडेका थिए । त्यसपछि छेडिएको जिब्रोसहित वीरेन्द्रभक्त महाद्विप (भेय्) बोकेर खाली खुट्टा भक्तपुरको नवदुर्गा र दत्तात्रयसम्म पुगेका हुन् ।

नेपाल संवत् तिथि बमोजिम ञङ्लाथ्व पुन्हि अर्थात् इन्द्रजात्राको भोलिपल्ट हजारौंको संख्यामा उपस्थित भीडबीचमा कर्मी नाइकेबाट जिब्रो छेडीका हुन् । जिब्रो छेडेर ३५० वर्ष पुरानो जात्रालाई जीवन्त राखेका वीरेन्द्रभक्तले यसअघि पहिलोपटक २०७४ सालमा, त्यसपछि २०७९ र २०८१ मा जिब्रो छेडाएका थिए ।

गत वर्ष खाली खुट्टा पशुपतिनाथसम्म पुगेर फर्किएका उनले २८ किलोमिटर पैदल हिँडेका थिए । यस वर्ष भक्तपुर पुगेर फर्कंदा करिब १३ किलोमिटर यात्रा पार हुने उनले बताए ।

जिब्रो छेड्ने व्यक्तिको इच्छाअनुसार पशुपति मन्दिर, चाँगुनारायण मन्दिर, भक्तपुरका विभिन्न मन्दिर, स्वयम्भू, नमोबुद्धसम्म जिब्रो छेडेर पुर्खा पुगेको इतिहास छ । यस वर्ष जिब्रो छेड्नेको चाहनाअनुसार नवदुर्गा र दत्तात्रयको दर्शनसमेत गर्ने गरी जात्रा लगिएको आयोजक यैँयाः पुन्हिया लसताय् म्येम्वाः खानेगु जात्रा व्यवस्थापन समितिका अध्यक्ष चन्द्रकृष्ण श्रेष्ठले जानकारी दिए ।

जात्रामा मध्यपुरथिमि नगरपालिकाले तीन लाख रूपैयाँ, बागमती प्रदेशका पर्यटनमन्त्री सुरेश श्रेष्ठले दुई लाख रूपैयाँ सहयोग गरेको र बाँकी नपुग रकम समितिलाई स्थानीयले सहयोग गरेको उनले जानकारी दिए । दिगुटोलबाट सुरु भएको जात्रा बालकुमारी मन्दिर, तछुटोल, विष्णुवीर मन्दिर, यमाटोल, मरुटोल, शफ्धर चोकथिमि, सूर्यविनाक नगरपालिका-४ मा पर्ने दक्षिण बाराही मन्दिर (क्वाछे) हुँदै पुनः शंखधर चोक थिमि फर्किएको थियो ।

त्यसैगरि शंखधर चोकबाट मुख्य सडक हुँदै राधेराधे, सल्लाघारी, भक्तपुर नगरपालिका क्षेत्र प्रवेश गर्दै चोंगा गणेश, सिद्ध पोखरी, नःपुखु, दरबार स्क्वायर, पाँचतले मन्दिर, सुकुलढोका, दत्तात्रय मन्दिर, क्वाठण्डौं, नवदुर्गा मन्दिर (द्यो छें), साक्वःलान हुँदै पुनः पाँचतले मन्दिर फर्कियो ।

त्यसपछि वंशगोपाल, सिद्ध पोखरी, सल्लाघारी चोंगा गणेश मध्यपुरथिमिको निकोसेरा, नगरपालिका चोक, पाटी बिहार, गुङ चिवा, भिमसेन चोक, गणेश स्कुल, नगदेश, सिद्दी गणेश मन्दिर, गार्चा चोक, सिद्धिकाली चोक, सिद्धिकाली मन्दिर, भुलाँखेल, चोडे, दुई पोखरी हुँदै बालकुमारी मन्दिर पुगेर जिब्रोबाट सियो निकालेर आइतबारको जात्रा विसर्जन गरिएको छ ।

किम्वदन्तीअनुसार प्राचीनकालमा थिमिमा भूतप्रेत र पिशाचको आतंक मच्चाएर जथाभावी मानिस मार्ने गरेपछि यसलाई नियन्त्रण गर्न एक जनाको जिब्रो छेडी नगर परिक्रमा गराइएको र त्यसपछि भूत, प्रेत, पिशाच भागेर शान्ति स्थापना भएको भनाइ छ । *रासस*









*तस्बिर: रासस*

## पृष्ठ १ बाट क्रमशः

### सरकारविरूद्ध...

सत्ता नेतृत्व दल नेकपा एमालेका नेता गोकुल बाँस्कोटाले जेन-जीलाई कसैले रोक्न नसक्ने भन्दै जेन-जी आन्दोलनप्रति समर्थन जनाएका छन् । राजनीतिशास्त्री कृष्ण पोखरेलले पनि जेन-जी विद्रोहप्रति ऐक्यबद्धता जनाएका छन् । उनले भनेका छन्, 'म आन्दोलनस्थलभन्दा टाढा विराटनगरमा छु तर मेरो मन मुटु जेन-जीहरूद्वारा आह्वान गरिएको वेकअफ नेपाल क्याम्पेन आन्दोलनको साथमा छ ।'

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले पनि जेन-जी आन्दोलनप्रति समर्थन जनाएका छन् । उनको समर्थनप्रति युवा पुस्ताको ठूलो संख्याले आभार प्रकट गरेको छ । कांग्रेसको कार्यसम्पादन समिति बैठकमा सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णयको विरोध भएको छ । उज्यालो नेपाल अभियानका नायकका रूपमा चर्चित कुलमान घिसिङ पनि जेन-जी आन्दोलनको पक्षमा देखिएका छन् ।

सत्तारुढ दल कांग्रेसको नेपाल विद्यार्थी संघ, एमालेको अनेरास्ववियुसहित १७ विद्यार्थी संगठनले सामाजिक सञ्जाल तत्कालन सञ्चालनमा ल्याउन माग गरेका छन् । नेपाल पत्रकार महासंघ त सडक संघर्षमा उत्रिएको छ । महासंघको ब्यानरमा पत्रकारहरूले सरकारले नागरिकको आवाज थुनेको भन्दै आलोचना गरेका छन् ।

यहीबीच सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णयविरुद्धको निवेदन दर्ता गर्न सर्वोच्च अदालतले आइतबार अस्वीकार गरेको छ । अधिवक्ता डा. सुनिलरञ्जन सिंहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्याललाई विपक्षी बनाएर निवेदन पेस गरेकोमा रजिस्ट्रार मानबहादुर कार्कीले दर्ता नगर्ने निर्णय गरेका हुन् ।

आन्दोलनमा उत्रिएको जेन-जी पुस्ता भने प्रविधिमा अब्बल छन् । एआई प्रयोगमा पनि यो पुस्ता अभ्यस्त छ । त्यही भएर उनीहरू सामाजिक सञ्जालमा करिअर बनाइरहेका छन् । कोही आइटीविज्ञको रूपमा कार्यरत छन् । कोही वैधानिक हयाकर बनेर घरमै बसेर लाखौं कमाइरहेका छन् । तर, सरकारले सूचीकरण नगरेका फेसबुक, युटयुबजस्ता सामाजिक सञ्जाललाई सञ्चालनमा रोक लगाउने कदम चालेको छ । यसपछि छट्पटिएका जेन-जी पुस्ताले सुरुमा सामाजिक सञ्जालकै अन्य प्लेटफर्ममा असन्तुष्टि पोखेका नेपोबेबी अभियानमा सक्रिय सदस्य अभिजित अधिकारीले बताए । प्रभावलाई उनले दिएको जानकारी अनुसार सरकारको निर्णयपछि उनीहरू रेडिट, डिस्कोर्ड, जुम, भाइबरजस्ता सामाजिक सञ्जालमा सक्रिय हुन थाले । त्यहाँ उनीहरूले आफ्ना असन्तुष्टिहरू पोख्न थाले । परिणामतः एउटा समूह जन्मियो, आर सोसल । त्यो समूहमा आदित्य मिश्र, अभिजितजस्ता हजारौं युवाहरू जोडिए । अन्ततः आज सरकारविरुद्ध प्रदर्शन गर्ने स्थितिमा उनीहरू आइपुगेका हुन् ।

जेन-जी पुस्ता आन्दोलित हुनुअघि नै सरकारले सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको सुरक्षा तैनाथीका लागि सुरक्षाकर्मी बढाएको छ ।

■■■

### विधान संशोधनमा ...

नेकपा एमालेले पनि विधान संशोधनमार्फत यो पदलाई निस्क्रिय पारेको छ । धारा १६ को ५ मा निवर्तमान अध्यक्ष वरिष्ठ नेता हुने प्रावधान उल्लेख रहेकोमा यो व्यवस्था हटाइएको छ । मर्यादाक्रममा अध्यक्षपछि रहने वरिष्ठ नेताको हटाउनुपर्ने कारणमा भनिएको छ- अनिर्वाचित व्यक्ति केन्द्रीय कमिटीको दोस्रो वरीयताको पदाधिकारी हुने व्यवस्था लोकतान्त्रिक प्रणालीको मर्मविपरीत हुनाले हटाउने प्रस्ताव गरिएको ।

नेपाली कांग्रेसले यसअघि शेरबहादुर देउवा र रामचन्द्र पौडेललाई वरिष्ठ नेताको पद दिएको थियो । विधानमै नभएको यो व्यवस्था सभापतिका प्रतिस्पर्धीलाई दिइन्थ्यो । यद्यपि, डा. शेखर कोइरालालाई भने यो पद दिन देउवाले अस्वीकार गऱ्यो । हाल कांग्रेसले वरिष्ठ नेता पद कसैलाई दिएको छैन ।

#### सदस्यता दुई प्रकारको

एमालेले विधान महाधिवेशनमार्फत पार्टी सदस्य पनि दुई प्रकारको बनाउने प्रस्ताव अघि सारिएकोमा यो पनि हुबहु पारित भएको छ । हाल १८ वर्ष पुगेको नेपाली नागरिक पार्टी सदस्य रहने व्यवस्था रहेकोमा अब सदस्य र संगठित सदस्य रहनेगरी संशोधन प्रस्ताव गरिएको थियो ।

संगठित सदस्य बन्न साधारण सदस्य लिएको वर्ष दिन पूरा हुनुपर्ने व्यवस्था राखिएको छ । कांग्रेसमा साधारण सदस्य र क्रियाशील सदस्यता लिन यस्तै प्रावधानको व्यवस्था गरिएको छ । यसअघि एमालेले साधारण सदस्य लिन छ महिना परीक्षणकाल तोकेकोमा यो व्यवस्था हटाएको छ ।

दुई प्रकारको सदस्यता राख्नुको कारणमा भनिएको छ- जनआधारित कार्यकर्ता पार्टीको संगठनात्मक सिद्धान्तअनुरूप पार्टी निर्माणको कामलाई प्रभावकारीरूपमा अगाडि बढाउन दुई प्रकारको सदस्यताको व्यवस्था आवश्यक भएको ।

#### वरिष्ठ उपाध्यक्ष पद हटाइने

यतिमात्र हैन अहिले कांग्रेसमा सभापति निकै शक्तिशाली छन् । यही देखासिकी गर्दै एमालेले सचिवालय, केन्द्रीय कार्यालयको संरचनाका शक्तिहरू अध्यक्षको पोल्टामा पुग्नेगरी विधान संशोधन गरेको छ । हाल एमाले अध्यक्ष केपी शर्मा ओली छन् । वरिष्ठ उपाध्यक्ष पद पनि हटाउँदै एमालेले पदाधिकारी छरितो बनाएको छ । महाधिवेशनले पारित एमाले विधानमा अबको राष्ट्रिय महाधिवेशनपछि पार्टी केन्द्रीय कमिटी २५१ सदस्यीय हुने छ । विधान संशोधनमार्फत एमालेले ३०१ सदस्यीय कमिटीलाई घटाएर २५१ कायम गरेको हो । त्यस्तै १९ सदस्यीय पदाधिकारीलाई १५ जनामा सीमित गरेको छ ।

पार्टी अध्यक्षले केन्द्रीय निकायहरूको अध्यक्षता गर्ने, केन्द्रीय निकायमा अध्यक्षका हैसियतले राजनीतिक प्रतिवेदन पेस गर्ने कुरा थप गरिएको छ । यसैगरी पार्टीमा केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीको बैठकका लागि महासचिवलाई निर्देशन दिने, बैठकमा कार्यसूची प्रस्ताव गर्ने, बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने र बैठकका निर्णय प्रमाणीकरण गर्ने र अन्तरपार्टी निर्देशन जारी गर्ने काम अध्यक्षका लागि थप गर्ने गरिएको छ ।

#### हँसिया हथौडा अब सुनौलो

यसअघि पार्टीको शक्तिशाली निकायका रूपमा रहेको सचिवालय र केन्द्रीय कार्यालयको संरचनालाई हटाएको छ । केन्द्रीय सचिवालय र कार्यालयका कामलाई पार्टी अध्यक्षको निर्देशनमा महासचिवले गर्ने प्रस्ताव सर्वसम्मतले पारित भएको छ ।

त्यसैगरी एमालेले हँसिया हथौडाको रङ फेरेको छ । सेतो रङ प्रयोग हुँदै आएको एमालेको लोगोमा अब रातो रङमा सुनौलो रङको हँसिया हथौडा अंकित हुने छ ।

#### उमेर हदको व्यवस्था हटाइने

एमालेमा सबै तहको कमिटीमा निर्वाचित हुन ७० वर्षे उमेर हदको व्यवस्थालाई हटाउने प्रस्ताव पारित भएको छ । योसँगै ओलीलाई तेस्रो कार्यकाल अध्यक्ष बन्ने बाटो खुला भएको छ । पहिलो विधान महाधिवेशनबाट धारा ६४ मा गरिएको उक्त व्यवस्थालाई २०८० वैशाख २८ देखि ३० गतेसम्म बसेको पाँचौं केन्द्रीय कमिटीको बैठकले निष्क्रिय गरेको व्यवस्थालाई विधानबाटै हटाउने प्रस्ताव महाधिवेशनले पारित गरेको हो ।

■■■

### यस्तो छ...

वैधानिकीकरण हुन चाहनेले कल्याणकारी कोषमा एक हजार ५०० रूपैयाँ जम्मा गर्नुपर्छ । साथै, सामाजिक सुरक्षा कोषमा प्रत्येक महिना दुई हजार ५९६ रूपैयाँ जम्मा गर्नुपर्ने हुन्छ । एक पटक श्रम स्वीकृति लिइसकेको व्यक्तिको हकमा फेमिसमा अनलाइन आवेदन दिएर श्रम स्वीकृति नवीकरण गर्न सकिन्छ । यसका लागि भने दूतावासमा जान पर्दैन ।


## मूल्य सूचीको सूचना !

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०५/२३ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१२०/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Asmita International Overseas P. Ltd.** (ई.प.नं. ७७१/०६५/०६६) मा कार्यरत **सिता उप्रेती** (**ना.प्र.प्र.नंः १५०८१०**) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License 771/065/066
**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4562547
E-mail : asmitainternational2013@gmail.com

## प्रमाणपत्र हराएको सूचना

मिति २०८२/०३/०२ गते काठमाडौं कलंकीदेखि गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली सर्टिफिकेट तथा १२ प्लसटु (+2) माइग्रेसन सर्टिफिकेट, हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरी दिनु हुनु अनुरोध गर्दछु ।

**तपसिल**

नाम : Nir Bahadur Pradhan
कलेज नाम : Cambridge International Boarding H School
ठेगाना : Kalanki, Kathmandu
रजिष्ट्रेशन नं. : NEB-667685079
सिम्वोल नं. : 988340
फोन नं. : 9849110166

## मोरिशसमा रोजगार
कम्पनी : Phoenix Beverages Limited

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329174 | चलानी नं. ६०२४३०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Attendant | 150 | 0 | 17110 | ५२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेशन सेन्टर, वडा नं.३, कपन मार्ग, काठमाडौमा
मिति: २०८२ भदौ ३० र ३१ गते र असोज ३ र ४ गते (15th, 16th, 19th and 20thSep. 2025) मा हुनेछ ।
नमस्ते जनप्रिय थकाली होटल पृथ्वी चोक वडा नं.८ कास्कीमा मिति: २०८२ असोज १ गते (17th Sep. 2025) मा हुनेछ ।
बेलडाँगी ट्रेनिङ सेन्टर वडा नं.२ बिर्तामोड झापामा मिति: २०८२ असोज २ गते (18th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०:००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOLPHIN HUMAN RESOURCE PVT. LTD.
Jadibuti, Narephant-32, Kathmandu, Tel: + 977-1-5907440, 9851186532
9861644553 Email: dolphinhuman01@gmail.com
Govt. License 1656/080/081

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६६/०४/१३ मा दर्ता भएको श्री **सुमधुर संगित प्रा.लि. (प्रा.लि. नं. ६४५०७)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## मलेसियामा रोजगार
कम्पनी : BIZ-GUARDS CORPORATION SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330739 | चलानी नं. ६०२४४५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ५६,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९

## युएइमा रोजगार
कम्पनी : VALLEYSTAR UNIFORMS GARMENTS

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330571 | चलानी नं. ६०२४४५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Embroider | 1 | 0 | 1500 | ५७,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 1 | 0 | 1500 | ५७,७०० | | | | | | | |
| 3 | Stock Filler | 2 | 0 | 1500 | ५७,७०० | | | | | | | |
| 4 | Tailor | 2 | 0 | 1500 | ५७,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४३५/०७४/७५
KINGFISHER OVERSEAS PVT.LTD
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Email: kingfisheroverseasnepal@gmail.com

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/२३**

यस सा.व.उ.स. बाट संकलन भएको खयर गोलिया काठ जम्मा थान ९९ को परिमाण २९८.०४ क्यूफिट जे-जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रचलित कानुन अनुसार बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित सबैमा २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समयमा यस सा.व.उ.स.मा सम्पर्क गर्न अनुरोध छ ।

**श्री जनहित महाकाली सामुदायिक वन उपभोक्ता समूह**
**कृष्णपुर न.पा.-२ कञ्चनपुर**

## कतारमा रोजगार
कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८०/१०/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८२/०५/२२ | LT. No. 299113 | चलानी नं. ६०२१४१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 6 | 1400 | ५४३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | EXECUTIVE SALES | 0 | 1 | 2200 | ८५,३७९ | | | | | | | |
| 3 | LABOURER | 4 | 0 | 1000 | ३८,८०८ | | | | | | | |
| 4 | Salesman | 0 | 4 | 1400 | ५४३३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ९३३/०६६/०६७

## साउदीमा रोजगार
कम्पनी : AL-JOSAQ FAST LAUNDRY ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330727 | चलानी नं. ६०२४४५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LAUNDRY WORKER | 1 | 0 | 1200 | ४५,१८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Overseas Pvt. Ltd.
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com
श्रम ईजाजत नं. १३८/०५५/०५६



**योया पुन्हिको समयबजी** | काठमाडौंको तारकेश्वर नगरपालिका–१० मनमैजुस्थित नासलथानमा येँया पुन्हि दिन नेवाः समुदायले बनाएको समयबजी । काठमाडौं उपत्यकाभित्र देवस्थलहरूमा आइतबार साँझ नेवाः समुदायका स्थानीय टोलवासी मिलेर येँया पुन्हि दिन समयबजी चढाइएको छ । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# महिला सरकारी वकिलको प्रथम राष्ट्रिय सम्मेलन आजदेखि

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालका महिला सरकारी वकिलको प्रथम राष्ट्रिय सम्मेलन आजदेखि सुरु हुँदै छ । 'महिला सरकारी वकिलको सशक्तीकरण फौजदारी न्याय प्रणालीको सुदृढीकरण' मूल नाराका साथ आज र भोलि (सोमबार र मंगलबार) सञ्चालन हुने छ ।

महान्यायाधिवक्ताको कार्यालयमा आइतबार आयोजित पत्रकार सम्मेलनको उद्घाटन सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीशले गर्ने न्यायाधीश सपना प्रधानमल्लले जानकारी दिइन् । सहन्यायाधिवक्ता मीना गुरुङले सम्मेलनमा सम्पूर्ण महिला सरकारी वकिलबीच एकआपसमा अनुभव आदानप्रदान गरी पेसागत अनुभव, चुनौती र अवसरबारे गहन छलफल हुने बताइन् ।

'यो सम्मेलन महिला सरकारी वकिलको आवाजलाई राष्ट्रियस्तरमा स्थापित गर्ने ऐतिहासिक कदमका रूपमा लिएका छौं,' उनले भनिन्, 'महिला सरकारी वकिल सशक्त भएमा फौजदारी न्यायप्रणाली थप सुदृढ र विश्वसनीय हुन्छ भन्ने आशाका साथ यो सम्मेलनको आयोजना हुन गइरहेको छ, यो आशा शब्दमा मात्र सीमित छैन, जीवनशैली र जिम्मेवारी बन्नेछ भन्नेमा सरकारी वकिल दृढ विश्वस्त छौं ।'



सम्मेलनमा महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालय तथा अन्य निकायमा कार्यरत सबै महिला सरकारी वकिलसहित करिब २५० जनाको सहभागिता रहने जानकारी दिइयो । सम्मेलनमार्फत महिला सरकारी वकिलको पेसागत क्षमता अभिवृद्धि र व्यावसायिक विकासका माध्यमबाट फौजदारी न्याय प्रणालीको सुदृढीकरणमा टेवा पुऱ्याउने उद्देश्य राखिएको छ ।

सम्मेलनमा पाँचवटा कार्यपत्र प्रस्तुत हुने छन् । कार्यपत्रमा मूलतः महिला सरकारी वकिलको वर्तमान अवस्था, महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने महिला सरकारी वकिलको सवालहरू, प्रविधिको प्रयोगबाट हुने कसुरको पीडितको न्यायिक उपचारमा सरकारी वकिलको भूमिका, न्याय सेवामा महिला सरकारी वकिलको सहभागितालगायत मुख्य विषयवस्तुमा केन्द्रित रही प्रस्तुत हुने छ ।

सम्मेलनमा महत्त्वपूर्ण विषयवस्तुका रूपमा सरकारी वकिलको पेसागत र दैनिक जिम्मेवारीको सन्तुलनसँग व्यावसायिक क्षमता अभिवृद्धिसँग सम्बन्धित विषयमा समूहगत छलफल हुने छ । यस सम्मेलनका माध्यमबाट कार्यस्थलमा लैंगिक समानता र सुरक्षित वातावरण सुनिश्चित गर्ने बाटो खोजिने छ । सहन्यायाधिवक्ता गुरुङले पेसागत चुनौतीलाई अवसरमा बदल्ने रणनीति तय गरिने बताए । महिला सरकारी वकिलको क्षमता र नेतृत्व विकासका लागि ठोस प्रतिबद्धतासहित घोषणापत्र जारी गरी सम्मेलनको समापन गरिने उनले जानकारी दिइन् ।

सरकारी वकिल समूहमा सहन्यायाधिवक्ता चार, उपन्यायाधिवक्ता ३२ र सहायक न्यायाधिवक्ता ११२ गरी १४८ जना रहेका छन् । यो कूल ५२१ जना दरबन्दीको २८.४० प्रतिशत हो । हाल सरकारी वकिल ५०२ जना रहँदा कूल कार्यरतमध्ये २९.४८ प्रतिशत महिला वकिलको संख्या छ । वि.सं. २०५५ देखि सरकारी वकिल समूहमा महिलाको प्रवेश सुरू भएको थियो । चार सहन्यायाधिवक्तामध्ये एक जना कार्यालय प्रमुखका रूपमा रहेका छन् ।

सरकारी वकिल समूहमा रहेका कूल ३२ महिला उपन्यायाधिवक्तामध्ये सात जनामात्र जिल्ला सरकारी वकिल कार्यालयको प्रमुखको भूमिकामा कार्यरत छन् । नेपालको पहिलो महिला सरकारी वकिलको नाम शारदा बज्राचार्य हो । २०२९ पुस १३ मा सेवा प्रवेश गरी सचिवसम्मको काम गरेर २०५८ भदौ २९ गते उनी अवकाश भएकी थिइन् ।

सम्मेलनमा सर्वोच्च अदालतका न्यायाधीशहरू, राष्ट्रिय महिला आयोगकी अध्यक्ष, महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ताहरू, नेपाल न्याय सेवाका महिला सचिव तथा सहसचिवहरू, उच्च अदालत पाटन अनि उपत्यकाको जिल्ला अदालतमा कार्यरत सबै महिला न्यायाधीशहरू, नेपाल बार एसोसियसनको उपाध्यक्षलगायत न्याय सेवाका विशिष्ट व्यक्तित्वहरूका साथै सरोकार भएका निकायका प्रतिनिधि पर्यवेक्षकका रूपमा सहभागिता रहने छ । सम्मेलनको समापन मंगलबार न्यायाधीश शारंगा सुवेदीले गर्ने छिन् । सम्मेलनले काठमाडौं घोषणापत्रसमेत जारी गर्ने जानकारी दिइएको छ ।


## लिखु पिके गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चौंलाखर्क, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**सूचना प्रकाशित मितिः २०८२/०५/२३**

यस कार्यालयबाट मिति २०८२/०४/२३ गते जन सवाल दैनिक राष्ट्रिय पत्रिकामा Construction of Administrative Building of Likhu Pike Rural Municipality. Contract Identification No.: NCB/WORKS/LPKRM/2081/82-05 शिर्षकको निर्माण कार्यका लागि बोलपत्र आह्वान भई, मिति २०८२/०५/०८ गते सम्म पेश भएका बोलपत्रदाताहरूको प्राबिधिक प्रस्ताव मूयांकन गर्दा निम्नानुसार बोलपत्रदाताको प्रस्ताव स्वीकृत गरिएको र स्वीकृत बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८२/०५/३० गते लिखु पिके गाउँपालिकाको कार्यालय, चौलाखर्क, सोलुखुम्बुमा ११:०० बजे खोलिने जानकारी गराईन्छ ।

**तपशिल**

| S.N. | Contract Id\ No. | Name and Address of technically qualified bidder | Remarks |
|---|---|---|---|
| 1. | NCB/WORKS/ LPKRM/2081/82-05 | Ramechhap- Jiri JV, Pepsicola-32, Kathmandu 9844441719 | |

प्राबिधिक मूल्यांकनमा उत्तीर्ण बोलपत्रदाताहरूको प्रतिनिधिलाई माथि उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुनको लागि जानकारी गराईन्छ। प्रतिनिधिको अनुपस्थितिका कारण आर्थिक प्रस्ताव खोल्न कुनै असर पर्ने छैन ।

**प्रमुख प्रशासकिय अधिकृत**



**मोरिशसमा रोजगार** कम्पनी : Phoenix Beverages Limited

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329174 | चलानी नं. ६०२४३०२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Attendant | 150 | 0 | 17110 | ५२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेशन सेन्टर, वडा नं.३, कपन मार्ग, काठमाडौंमा मितिः २०८२ भदौ ३० र ३१ गते र असोज ३ र ४ गते (15th, 16th, 19th and 20thSep. 2025) मा हुनेछ । नमस्ते जनप्रिय थकाली होटल पृथ्वी चोक वडा नं.८ कास्कीमा मितिः २०८२ असोज १ गते (17th Sep. 2025) मा हुनेछ । बेलडाँगी ट्रेनिङ सेन्टर वडा नं.२ बिर्तामोड झापामा मितिः २०८२ असोज २ गते (18th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०:००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOLPHIN HUMAN RESOURCE PVT. LTD.
Jadibuti, Narephant-32, Kathmandu, Tel: + 977-1-5907440, 9851186532
9861644553 Email: dolphinhuman01@gmail.com
Govt. License 1656/080/081



## धितो लिलाम विक्रि गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति : २०८२/०५/२३ गते सोमबार**

तपशिल उल्लेखित ऋणी संस्थाले संघबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८२ श्रावण १६ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउन पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चूक्ता भूक्तानी नगरी बाँकी रहेको हुनाले संघलाई ऋण सुरक्षण वापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम विक्री गरी संघको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम विक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशन गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम विक्रीमा सहभागी हुन र वोलपत्र खरिद गरी लिन इच्छुक संघ संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी वोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । लिलाम विक्रिमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपुर्वक वोलपत्र नपरेमा सहकारी ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति यस संघ आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम विक्री गर्दा वा संघ आफैले सकार गर्दा साविकमा संघबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा विक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा विक्री भयो वा संघ आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षण रहेको सम्पूर्ण धितो लिलाम विक्रीबाट पनि यस संघको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असूल उपर गरी लिने र ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा यसै सूचनाद्वारा सुचित गराईन्छ ।

**तपसिल**

**ऋणी संस्थाको नाम : फण्ड्स बचत तथा ऋण सहकारी संस्था लि.**
**ठेगाना : ल.पु.म.न.पा-५, कुमारीपाटी ललितपुर**

**सञ्चालक तथा जमानीकर्ताको विवरण**

**१) नवराज शिवाकोटी (अध्यक्ष)**
बाबु : शिव प्रसाद शिवाकोटी
बाजे : पिताम्बर शिवाकोटी
ना.प्र.नं. : २२१०१७/२२, दोलखा
ठेगाना : सुनखानी-९, दोलखा



**२) सन्देश राई (उपाध्यक्ष)**
बाबु : तेज बहादुर राई
बाजे : जनक सिङ राई
ना.प्र.नं. : ३५६/१३, पाँचथर
ठेगाना : हाङगुम-६, पाँचथर



**३) प्रकाश कुँवर (सचिव)**
बाबु : वजीर बहादुर कुँवर
बाजे : टिका राज कुँवर
ना.प्र.नं. : २१०३२, गुल्मी
ठेगाना : हस्तिचौर-१, गुल्मी



**४) सुर्य बहादुर राई (कोषाध्यक्ष)**
बाबु : रहर बहादुर राई
बाजे : नर बहादुर राई
ना.प्र.नं. : ८२१०३६/५१२
ठेगाना : हाङगुम-२, पाँचथर



**५) युवराज बोहोरा (सञ्चालक सदस्य)**
बाबु : कमल प्रसाद वोहोरा
बाजे : कृष्ण लाल बोहोरा
ना.प्र.नं. : ०४३०४३/१५९७, झापा
ठेगाना : लखनपुर-४, झापा



**६) . जिजस राई (सञ्चालक सदस्य)**
बाबु : डिल्लीसेर राई
बाजे : मान बहादुर राई
ना.प्र.नं.: १४-०१-७०-०१८४०, उदयपुर
ठेगाना : सुन्दरपुर-९, उदयपुर



**७) रचना राई (सञ्चालक सदस्य)**
बाबु : बुद्धीराज राई
बाजे : बिर बहादुर राई
ना.प्र.नं. : ०६/५०४०७, सुनसरी
ठेगाना : धरान-१०, सुनसरी



**धितोको विवरणः-**

| जग्गा धनिको नाम | धितोको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| **फण्ड्स बचत तथा ऋण सहकारी संस्था लि.** | ल.पु.म.न.पा.-५, ललितपुर | ७४१ | १५८.९५ वमि |

**धितो लिलाम बिक्रीको सर्त तथा बन्देजहरु :-**

१) बोलपत्र फारम यस संघको प्रधान कार्यालय बाट रु.५०० (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
२) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनु पर्नेछ । साथै बोलपत्रदाता कानूनी व्यक्ति भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता पत्रको प्रतिलिपि आवेदन साथ पेश गर्नु पर्नेछ ।
३) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षर स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संघबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नु पर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईनेछ ।
४) बोलपत्रमा आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशत हुन आउने रकम ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को नाममा प्राइम कमर्सियल बैंक लिमिटेड पाटन शाखामा रहेको खाता नं. ००५०१००००००१४३०००१०४ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र पेश गर्नु पर्नेछ ।
५) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै केन्द्रीय कार्यालयमा कार्यालय समय भित्र सर्म्पक राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिन पर्नेछ ।
६) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउमा नामसारी गरी लिन पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । रजिष्ट्रेशन गर्न अड्डामा लाग्ने सरकारी दस्तुर, पुँजीगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
७) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा सर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
८) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार संघमा निहीत रहनेछ ।
१०) बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
११) लिलाम सूचना प्रकाशित मितिले ३५ लिनभित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोली पल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको १:०० बजे संघको केन्द्रिय कार्यालयमा बोलपत्र खोलिनेछ । यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खोलेको दिन उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिनसम्म ऋणी वा धितो वालाले संघको ऋण चूक्ता बुझाई धितो फुकुवा लैजान सक्नेछ ।
१२) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति व नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
१३) बोलपत्र पर्नेले बोलकवोल अनुसार रकम जम्मा गरी जग्गा नलिएमा सो पछिका क्रमका बोलपत्रवालालाई जग्गा दिने वा बोलपत्र पुरै रद्द गरी नयाँ बोलपत्र आव्हान गर्ने अधिकार संघलाई हुनेछ । जग्गा विक्री गर्ने वा नगर्ने सम्बन्धित सम्पूर्ण अधिकार यस संघमा निहित रहनेछ ।
१४) धितो बन्धक लेखिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा संघ आफैले सकार गर्दाको अवस्थामा समेत संघको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।
१५) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

## ललितपुर जिल्ला
### बचत तथा ऋण सहकारी संघ लिमिटेड
**ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर, फोन नं. : ०१-५४५३००१/५४५३००७**
Email: federation.lalitpur@gmail.com Web: lalitpurbachatsangh.org.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जेन–जीलाई नभड्काऊ

जेन–जी अर्थात् सन् १९९७ देखि २०१२ बीचमा जन्मिएका पुस्ता अहिले सरकारविरुद्ध आक्रोशित सुनिएका छन् । १३ वर्षको तन्नेरीदेखि २८ वर्ष पुगेका युवाहरू यो समूहमा पर्छन् । यो समूहलाई न त नेपाली कांग्रेसले राणाविरुद्ध छेडेको आन्दोलनको मतलब छ न त माओवादीले गरेको १० वर्षे जनयुद्धको कुनै चासो छ ।

विकसित देशहरू हाइ–हाइपरसोनिक विमान उत्पादनतिर लागिसकेका उनीहरूले विभिन्न सामाजिक सञ्जालबाट देखिसकेका छन् । हाइ–हाइपरसोनिक विमानको गति प्रतिघण्टा सात हजार किलोमिटरभन्दा तीव्र हुन्छ । जबकि, अहिलेको साधारण विमानको गति प्रतिघण्टा ५०० देखि ८०० किलोमिटरसम्म हुन्छ । विकसित देशको शासनसत्ता यति पारदर्शी हुन थाले कि जनताले अब त्यहाँ प्रश्न उठाउने ठाउँ भेट्न मुस्किल हुन्छ । बरु उनीहरू शासन व्यवस्था सफल बनाउन सहयोग गर्ने अवस्थामा पुगिसकेका छन् । यस्तै व्यवस्था पढ्दै हुर्केका जेन–जी पुस्ता अहिले नेपाली शासकको नीतिगत उल्झन्, एउटा कानुन बनाउन वर्षौं लाग्नेजस्ता ढिलासुस्तीले आजित सुनिन्छन् ।

विकासमा ढिलासुस्ती, दैनिक प्रशासनिक कामकाजमा ढिलासुस्ती, कालो धनमाथि संरक्षण, अवैध कारोबार र भ्रष्टाचारले देश 'ग्रे लिस्ट'मा परिसकेकोलगायत विषयले उनीहरूलाई आजित बनाएको बुझ्न कठिन छैन । वर्तमान अवस्थामा हेर्ने हो भने देश लथालिंग छ । यस्तो अवस्थामा नेताहरू आफूहरूले राणा शासनमा गरेको दुःख र माओवादी युद्धमा भोगेको यातनाका लोरी सुनाएर भुलाउने कोसिसमा छन् ।

जेन–जीलाई यसरी लोरी सुनाउनेहरू बेबी बुमर पुस्ता हुन् जो सन् १९४६ देखि १९६४ भित्र जन्मिएकाहरू हुन् । शासनसत्तामा अहिले यही पुस्ताको राज छ । कांग्रेस सभापति शेरबहादुर देउवा, प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल यही पुस्ताका हुन् । यो पुस्ताको नेतृत्वले अहिले सूचीकरणको नाममा सोसल मिडिया ठप्प पारेको छ । जुन जेन–जीको जीवनयापनको महत्त्वपूर्ण राजमार्ग थियो । हो अहिले यही राजमार्ग बन्द गरेर सरकार जेन–जीको इच्छाविपरीत काम गरिरहेको छ । बिरालोलाई थुनेर चुटेपछि के होला ?

सरकार अहिले यही अवस्थामा पुगेको छ । सूचनाको राजमार्ग बन्द गर्दा सरकारमाथि बुमर्‍याङ सिर्जना भएको छ । अब जेन–जी पुस्ता सरकारमाथि जाइलागेको छ । जेन–जीलाई कम आँक्नु सरकारको मूर्खता हुने छ । उनीहरूलाई नभड्काउने ढंगले आजको आन्दोलनमा सरकारले संयमता अपनाउनुपर्छ । अहिले योसँगै नेपोबेबिज् अभियान पनि चर्किंदो छ । यो अभियानबाट सरकारमा भएकाहरूले सिक्नुपर्ने विषय भनेको आफू सुध्रिने हो । सुधारको बाटो बनाऊ, जेन–जीलाई नभड्काऊ ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

**वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः**

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# क्षेत्रीय सुरक्षा, बहुपक्षीयता र दिगो विकासमा नेपाली प्रतिबद्धता



■ प्रकाश सिलवाल

पछिल्लो समयमा अन्तर ाष्ट्रिय मञ्चमा क्षेत्रीय सुरक्षा, बहुपक्षीयता र दिगो विकासलगायत सवालमा नेपालको स्पष्ट र दर्बिलो प्रस्तुति हुँदै आएको छ । साझा भविष्यलाई खतरामा पार्न सक्ने भूराजनीतिक, आर्थिक र जलवायुजन्य झट्काको सामना गर्न थप गम्भीर हुन नेपालले ध्यानाकर्षण गराएको छ । यसका लागि सन् २०१६ देखि संवाद साझेदारका रुपमा एससिओमा रहेको नेपालले पूर्णसदस्यका रुपमा रहेर न्यायपूर्ण, समावेशी र लचिलो व्यवस्था निर्माणका लागि मिलेर सघाउन तत्पर रहेको जनाउ दिएको छ । 'विश्वमा असहमतिहरु स्वाभाविक हुन्छन् तर विवादहरु विनासकारी हुनु हुँदैन । एससिओको भावनालाई अँगालेर, हामीले गहिरो समझदारीलाई बढावा दिन संवाद र कूटनीतिलाई अगाडि बढाउनुपर्छ ।' एससिओका सदस्य राष्ट्रहरु, पर्यवेक्षक राष्ट्र, संवाद साझेदारहरु तथा अन्य अतिथिसमेत गरी २४ मुलुकका राष्ट्र र सरकार प्रमुखहरु उपस्थित शिखर सम्मेलनमा प्रधानमन्त्री ओलीको सम्बोधन विश्वलाई विभाजन होइन, साझेदारीको आवश्यकताको आम भावनामा केन्द्रित थियो ।

'हामीले भौतिक, आर्थिक, डिजिटल, सामाजिक-सांस्कृतिक र जनता-जनताबीचको सम्पर्क सञ्जाललाई बढावा दिएर क्षेत्रीय शान्ति, प्रगति र समृद्धिलाई बढावा दिनुपर्छ ।' चीनको थियानजिनमा आयोजित सांघाइ सहयोग संगठन (एससिओ) प्लसको शिखर सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओलीको यो सम्बोधन साझा चुनौतीको सामनाका लागि विश्वलाई थप एकताबद्ध र एकीकृत हुन केन्द्रित थियो ।

पछिल्लो समयमा अन्तर्राष्ट्रिय मञ्चमा क्षेत्रीय सुरक्षा, बहुपक्षीयता र दिगो विकासलगायत सवालमा नेपालको स्पष्ट र दर्बिलो प्रस्तुति हुँदै आएको छ । साझा भविष्यलाई खतरामा पार्न सक्ने भूराजनीतिक, आर्थिक र जलवायुजन्य झट्काको सामना गर्न थप गम्भीर हुन नेपालले ध्यानाकर्षण गराएको छ । यसका लागि सन् २०१६ देखि संवाद साझेदारका रूपमा एससिओमा रहेको नेपालले पूर्णसदस्यका रूपमा रहेर न्यायपूर्ण, समावेशी र लचिलो व्यवस्था निर्माणका लागि मिलेर सघाउन तत्पर रहेको जनाउ दिएको छ ।

'विश्वमा असहमतिहरू स्वाभाविक हुन्छन् तर विवादहरू विनासकारी हुनु हुँदैन । एससिओको भावनालाई अँगालेर, हामीले गहिरो समझदारीलाई बढावा दिन संवाद र कूटनीतिलाई अगाडि बढाउनुपर्छ ।' एससिओका सदस्य राष्ट्रहरू, पर्यवेक्षक राष्ट्र, संवाद साझेदारहरू तथा अन्य अतिथिसमेत गरी २४ मुलुकका राष्ट्र र सरकार प्रमुखहरू उपस्थित शिखर सम्मेलनमा प्रधानमन्त्री ओलीको सम्बोधन विश्वलाई विभाजन होइन, साझेदारीको आवश्यकताको आम भावनामा केन्द्रित थियो ।

दिगो भविष्यको लागि नियममा आधारित र समावेशी बहुपक्षीय प्रणालीलाई समर्थन गर्दै नेपालले मित्रता, साझेदारी र राम्रो छिमेकी सम्बन्धलाई बलियो बनाउन पनि आग्रह गरेको थियो । एससिओमा नेपालको सहभागिताको स्तर वृद्धिका साथै सो मार्फत नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्ने लक्ष्यका साथ प्रधानमन्त्री ओलीको नेतृत्वमा २३ सदस्यीय टोली चीन गएको थियो । भ्रमणबारे प्रधानमन्त्री ओलीले यही भदौ १३ गते प्रतिनिधिसभामा जानकारी गराएका थिए ।

यही भदौ १४ देखि १८ गतेसम्म भएको प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डल थियानजिनको शिखर सम्मेलनका साथै चीन सरकारद्वारा बेइजिङमा आयोजित 'फाँसिवादविरुद्धको विश्वयुद्ध र जापानी अतिक्रमणविरुद्धको चिनियाँ जनताको प्रतिरोधी युद्धमाथिको विजयको ८०औं वार्षिकोत्सव समारोह'मा पनि सहभागी भएर स्वदेश फर्किएका छन् । रुसी महासंघका राष्ट्रपति भ्यादिमिर पुटिनलगायत एससिओमा आबद्ध २० भन्दा बढी मुलुकका राष्ट्र प्रमुख/सरकार प्रमुख सहभागी यस कार्यक्रमको विश्वस्तरमा चर्चा भएको छ ।

सन् १९९६ मा चीन, रुस, काजाकस्तान, कीर्गिस्तान र ताजिकिस्तानबीच 'सांघाइ फाइभ' नामक क्षेत्रीय समूह बनेको थियो । सन् २००१ मा उज्बेकिस्तानसमेत सामेल भएपछि यसलाई औपचारिकरूपमा सांघाइ सहयोग संगठन नाम दिइएको थियो । स्थापनाकालमा यसले सीमा क्षेत्रीय सुरक्षा, आतंकवादविरोधी संयन्त्र र सैन्य विश्वास निर्माणका उद्देश्य बोकेको थियो । पछिल्ला दुई दशकमा यसको कार्यक्षेत्र विस्तार भई आर्थिक सहकार्य, ऊर्जा साझेदारी, पारवहन सञ्जाल, वातावरणीय स्थायित्व र सांस्कृतिक सम्पर्कसम्म भएको छ । यसका पूर्णसदस्य, पर्यवेक्षक सदस्य र संवाद साझेदार सदस्य गरी तीन प्रकारका सदस्य रहेका छन् ।

हाल चीन, रुस, भारत, पाकिस्तान, काजाकस्तान, कीर्गिस्तान, ताजिकिस्तान, उज्बेकिस्तान, पाकिस्तान, इरान र बेलारुस गरी १० पूर्णसदस्य छन् । यसको दुई पर्यवेक्षक राष्ट्रहरूमा अफगानिस्तान र मंगोलिया छन् भने संवाद साझेदार सदस्यमा नेपाल, अजरवैजान, अर्मेनिया, क्याम्बोडिया, टर्की, श्रीलंका, साउदी अरबिया, इजिप्ट, कतार, बहराइन, माल्दिभ्स, म्यानमार, संयुक्त अरब इमिरेट्स, र कुवेतसहित १४ मुलुक छन् । नेपालले पर्यवेक्षकहुँदै पूर्णसदस्य मुलुकमा स्तरोन्नतिका लागि आफ्नो प्रस्ताव अघि सार्दै आएको छ । हालको संरचनाले नेपाललाई मतदान अधिकार नदिए पनि उच्चस्तरीय बैठक, छलफल, परियोजना र नीति-निर्माण प्रक्रियामा सहभागिता जनाउँदै आएको छ ।

गत वर्ष काजकिस्तानको अस्ताना सहरमा सम्पन्न शिखर सम्मेलनले ऊर्जा सुरक्षा, पारवहन मार्ग विस्तार, हरित विकास, डिजिटल सहकार्यलाई प्राथमिकता दिएको थियो । नेपालले त्यतिबेला भूपरिवेष्ठित मुलुकका चुनौती, जलवायु परिवर्तनको प्रभाव, पर्वतीय क्षेत्रको दिगोपन र ऊर्जा पहुँचमा सहकार्यको आवश्यकतामा जोड दिएको थियो ।

भ्रमणका क्रममा चीनका राष्ट्रपति सी चिनफिङसँग थियानजिनमा भेट गरी प्रधानमन्त्री ओलीले दुई पक्षीय सम्बन्ध, सहयोग र प्राथमिकताका विषयहरूमा खुला र हार्दिकतापूर्ण छलफल गरे । सो क्रममा उनले शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तमा आधारित नेपाल-चीन सम्बन्ध समस्यारहित रहेको उल्लेख गर्दै नेपालको विकास प्रयासमा पुऱ्याउँदै आएको निरन्तर सहयोगका लागि चीन सरकारलाई धन्यवाद व्यक्त गरे । बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत सहमति भएकालगायत विभिन्न परियोजनाहरूको शीघ्र कार्यान्वयन हुनेमा आशा व्यक्त गर्दै उनले रासायनिक मल, पेट्रोलियम अन्वेषण, मानव संसाधन विकास, जलवायु परिवर्तनको प्रभावसँग जुध्ने क्षमता अभिवृद्धि तथा जनस्तरको सम्बन्ध सुदृढीकरणजस्ता क्षेत्रहरूमा सहयोगका लागि आग्रह गरेको परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री स्वदेश फर्केपछि जारी भएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

नेपालको भूभाग लिपुलेक नाकामार्फत सीमा व्यापार गर्नेसम्बन्धी भारत र चीनबीच हालै भएको समझदारीप्रति प्रधानमन्त्री ओलीले आपत्ति जनाउँदै उक्त समझदारी कार्यान्वयन नगर्न चीनका राष्ट्रपति सीलाई अनुरोध गरेको विषयको समाचारले नेपालमा निकै स्थान पाएको थियो । साथै, राष्ट्रियताका सवालमा प्रधानमन्त्री ओलीको स्पष्ट अडानको प्रशंसा भएको पाइयो । चीनका राष्ट्रपति चिनफिङले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्ने कार्यमा चीनको सहयोग रहने र चीनले संयुक्त राष्ट्रसंघ र सांघाइ सहयोग संगठनलगायतका बहुपक्षीय मञ्चहरूमा नेपालसँग सहकार्य गर्ने विश्वास दिलाएर नेपालप्रतिको सद्भाव पुनः अभिव्यक्त गरेको छ । राष्ट्रपति चिनफिङसँगको भेटमा नेपालले ग्लोबल सेक्युरिटी इनिसियटिभ (जिएसआई) मा नेपालले समर्थन गरेको भन्ने भावको चिनियाँपक्षको प्रेस विज्ञप्तिलाई नेपाली पक्षले खण्डन गरिसकेको छ ।

नेपालको संविधानमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर ाष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने भनी उल्लेख गरिएको राज्यका निर्देशक सिद्धान्तप्रति वर्तमान सरकार स्पष्ट रहेका शंका देखिँदैन । विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने पनि नेपालको प्राथमिकता हुने छ । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने विषयमा सत्ता गठबन्धनका दलहरू पनि स्पष्ट देखिएका अवस्थामा अन्य आशंका गर्नुपर्ने स्थिति देखिँदैन ।

बेइजिङमा प्रधानमन्त्री ओलीले चीनका उपराष्ट्रपति हान चंगसँग दिपक्षीय भेट गरे र उपराष्ट्रपति हानले देउथाइ सरकारी गेस्ट हाउसमा दिएको रात्रिभोजको सहभागी भए । भ्रमणका क्रममा राष्ट्रपति सी र उनकी धर्मपत्नी पेङ लियानले आयोजना गरेको स्वागत भोज प्रधानमन्त्री ओली सहभागी भए । सोही क्रममा भारतका समकक्षी नरेन्द्र मोदीसँग अनौपचारिक भेटवार्ता पनि भएको थियो ।

रूसी महासंघका राष्ट्रपति पुटिनसँगको भेटवार्तामा दुवै नेताहरूले नेपाल-रूस सम्बन्धलाई अझ सुदृढ तुल्याउने र व्यापार, लगानी, शिक्षा तथा संस्कृतिका साथै हवाई सम्पर्कका क्षेत्रमा परस्पर लाभदायक सहयोग प्रवर्द्धन गर्ने विषयमा छलफल गर्नुका साथै राष्ट्रपति पुटिनलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्नुले नेपालको अन्तर्राष्ट्रिय छवि थप विस्तार भएको मानिएको छ ।

सोही क्रममा प्रधानमन्त्री ओलीले लाओ जनवादी प्रजातान्त्रिक गणतन्त्रका राष्ट्रपति डा. थोङलौन सिसोलिथसँग भएको भेटमा दुवै नेताहरूले संस्कृति, कृषि र जनस्तरको सम्बन्धका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने बारेमा विचार विमर्श गरे । त्यसैगरी, गणतन्त्र माल्दिभ्सका राष्ट्रपति डा. मोहम्मद मिज्जुसँग भएको भेटमा दुवै नेताहरूले कृषि, पर्यटन, शिक्षा तथा जनस्तरको सम्बन्धका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने विषयमा छलफल गरे । समाजवादी गणतन्त्र भियतनामका प्रधानमन्त्री फाम मिन चिन्हसँगको भेटमा नेपाल-भियतनाम मैत्री सम्बन्धलाई अझ सुदृढ तुल्याउने एवं व्यापार तथा लगानी, विज्ञान र प्रविधि, नवप्रवर्तन, डिजिटलाइजेसन, जलवायु परिवर्तन, खेलकुद, शिक्षा, संस्कृतिका साथै हवाई सम्पर्कजस्ता क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा छलफल भयो ।

कम्बोडिया अधिराज्यका प्रधानमन्त्री सम्देच मोहा बोर्भर थिपैदिइ हन मानेटसँग भेटघाट हुँदा दुई मुलुकबीच व्यापार, लगानी, पर्यटन, सांस्कृतिक सहयोग प्रवर्द्धन गर्ने विषयमा छलफल भएको थियो । साथै, संयुक्त राष्ट्रसंघलगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा पारस्परिक लाभका क्षेत्रमा सहकार्य गर्ने सहमति भयो ।भ्रमणका क्रममा तियानजिन नगरपालिकाको हुयिगुआन गाउँमा रहेको धानको पकेट क्षेत्र तथा चाउ एनलाई र डेंग यिंचाओ स्मारक संग्रहालयको पनि अवलोकन गरे । विश्वकै ठूलो क्षेत्रीय सुरक्षा-आर्थिक संगठनमध्ये एक मानिने यो संगठनको शिखर सम्मेलन नेपालको उच्चस्तरीय उपस्थितिले नेपाल-चीन सम्बन्ध अझ मजबुत बनाउन र बहुपक्षीय सहकार्यमा नेपालको सक्रियता देखाउने महत्त्वपूर्ण अवसर साबित भएको छ । *रासस*

## पाठक मञ्च

### ढोकैमा दसैं: सडकको दुर्दशा र अग्रिम टिकटको अन्योलता !

गत वर्षको असोज १० देखि १२ गतेसम्म भएको लगातार वर्षाले वितण्डा मच्चायो । सो वर्षमा अकल्पनीय क्षति भयो । मानवीयसँगै भौतिक क्षति पनि भएको थियो । काठमाडौं उपत्यकाका खोलानाला ह्वात्तै बढ्दा धेरै स्थान डुबानमा पऱ्यो । भक्तपुरको राधेराधे जलमग्न भएको थियो । भाटभटेनीसमेत पानीमा डुब्यो ।

पोहोर बाढीले रुवाबासी पारेको समयमा यस वर्ष हिन्दूहरूको महान् चाड बडा दसैं परेको छ । दसैं ढोकैमा आइपुगेको छ । तर, सडकको दुर्दशा उस्तै छ । अर्कोतिर, सरोकारवाला निकायले अग्रिम टिकट बुकिङ खोल्न तदारुकता देखाएको छैन । दसैं आउन दुई साता बाँकी रहँदा टिकट खोल्ने कुनै सुरसार नै छैन । पोहोरको बाढीले बिपी राजमार्ग पूरै क्षतविक्षत बनायो । अहिले पनि सो सडक निर्माण हुन सकेको छैन । अन्य सडकको अवस्था पनि त्यस्तै छ । कतै धुलाम्मे छ, कतै हिलाम्मे । एकछिन पानी पऱ्यो भने सडक बिग्रिन्छ । ज्यानकै बाजी राखेर आफ्नो थातथलो फर्किनुपर्ने बाध्यता छ ।

सरकारले बाटो बनाउँदा कुनै अध्ययन नै गर्दैन । जताबाट पनि बाटो लगेको छ । कतिबेला पहिरो आउँछ ? भन्न सकिन्न । कमिसन खान र आफ्ना कार्यकर्ता पोस्न जताबाट पनि बाटो निर्माण गरियो । बर्खा हरेक वर्ष आउँछ । तर, सरकारसँग कुनै पूर्वतयारी नै हुँदैन । 'जब पऱ्यो राति, तब बूढी ताँती' को अवस्था सरकारको छ ।

क्षति भएपछि सरकारले विज्ञप्ति निकालेर दुःख व्यक्त गर्छ तर पूर्वतयारी अपनाएर जनता बचाउन चासो देखाउँदैन । सरकारको कमजोरीका कारण जनताले हरेक वर्ष दुःख पाउँदै आएका छन् । वर्षमा एकपटक आउने चाडमासमेत सुविधा र सुरक्षितरूपमा थातथलो फर्काउन नसक्ने सरकारले अरु के गर्छ ?

दसैं हरेक वर्ष कतिपयका लागि 'दशा' बन्छ । सवारी दुर्घटना, बाढीपहिरोलगायतका कारणले दसैं मनाउन निस्किएकाहरू बाटोमै बिलाउँछन् । नागरिक मरेपछि राज्यले टाउको गन्छ तर त्यहाँबाट कुनै पाठ सिक्दैन । पोहोरकै कुरा गरौं- त्यो क्षतिमा धेरैको ज्यान गयो । भौतिक क्षति भयो । तर, राज्यलाई कुनै फरक नै परेको छैन । अघिल्लो वर्ष बाढीबाट पीडित बनेकाहरूले अहिलेसम्म क्षतिपूर्ति पाउन सकेका छैनन् । त्यो बाढीले भत्काएको सडकहरू सरकारले एक वर्षसम्म पनि मर्मतसम्भार गर्न सकेको छैन । नागरिकको जनधनको सुरक्षा गर्ने दायित्व सरकारको हो ।

विडम्बना, न सरकार जनको सुरक्षा गर्न सक्छ न उनीहरूको धनको । सरकार नाममात्रको सरकार बन्यो । सरकार न दिन सक्छ न लिन । उद्योग व्यवसायी, व्यापारीहरूसँग सरकारले अर्बौं रूपैयाँ राजस्व लिन बाँकी छ । त्यो रकम उठाएर बाढीपहिरोमा पीडित बनेकाहरूलाई दिइदिने हो भने उनीहरूलाई धेरै राहत पुग्थ्यो ।

सरकारको कमजोरीका कारण उनीहरू खुला आकाशमूनि सुत्न बाध्य छन् । सरकारले अध्ययन गरेर संरचना बनाउन दिएको भए, ऐनकानुनको कडा रूपमा कार्यान्वयन गर्न सकेको भए, जनताको सायदै यो स्थिति हुन्थ्यो ।

मुलुकको दूरदराज क्षेत्रमा घर भएकाहरू आफ्नो थातथलो फर्किने तयारीमा छन् । तर, सरकारले अग्रिम टिकट नखोलिदिँदा उनीहरू अन्योलमा परेका छन् । दसैं आउन अब करिब दुई साता बाँकी हुँदा यातायात व्यवस्था विभागले अग्रिम टिकटका लागि छलफल नै गरेको छैन । अर्कोतर्फ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पनि कुनै कदम चाल्दैन ।

जसका कारण सर्वसाधारणलाई समस्या भएको छ । हरेक वर्ष काठमाडौं उपत्यकाबाट २५ देखि २६ लाख सर्वसाधारण दसैं मनाउन आफ्नो थातथलो फर्किन्छन् । विभिन्न कारणले काठमाडौं बसिरहेकाहरू वर्षमा एकपटक आउने चाड मान्न घर जान्छन् नै । तर, हरेक वर्ष सरकार र यातायात व्यवसायीले एउटै नौटंकी देखाउँछ । सरकार टिकट खोल्ने विषयमा बैलैमा निर्णय गर्दैन । यातायात व्यवसायी अन्तिम समयमा भाडा बढाउने प्रस्ताव गर्छन् । सरकार र यातायात व्यवसायीको व्यक्तिगत स्वार्थको सिकारमा सधैं यात्रु पर्छन् । यातायात व्यवसायीले राजनीतिक दल, मन्त्री, यातायातका कर्मचारीहरूलाई केही आर्थिक प्रलोभनमा पारेर भाडा बढाउँछन् । बल्लतल्ल अग्रिम टिकट खुल्छ । त्यो पनि एकाध दिनमा सकिन्छ । त्यसपछि सुरु हुन्छ, टिकटको कालोबजारी । एक हजारको टिकट पाँच हजारमा बेचिन्छ ।

नागरिक दोब्बर-तेब्बर मूल्य हालेर घर जान बाध्य भइरहँदा सरकार टुलुटुलु रमिता हेरेर बस्छ । ज्येष्ठ नागरिक, विद्यार्थी र अपांगता भएकाहरूलाई भाडामा छुट दिइँदैन । सामानको मनलाग्दी पैसा असुलिन्छ । सरकार आँखा चिम्लेर भाडाचाँहि बढाउँछ तर यात्रुले सुविधा पाएका छन् कि छैनन् ? अनुगमन गर्दैन ।

महँगो शुल्क तिरेर यात्रु झुण्डिएर, मुढामा बसेर घर जान बाध्य छन् । यता, गाडीको अवस्था पनि चेकजाँच गरिँदैन । थोत्रा, पुराना गाडीमा यात्रु भरिभराउ हालेर जिल्ला लगिन्छ । यात्रुलाई पैसा तिरेर यात्रु गर्नुछ, त्यो पनि सहज ढंगले पाउँदैनन् । यातायात व्यवसायीले सरकारले तोकेभन्दा एक दिनमा १८ करोड रूपैयाँ बढी भाडा असुल्छन् । सरकारको कारणले यातायात व्यवसायीको अगाडि सधैं जनता निरीह हुनुपऱ्यो । संविधान, ऐनकानुन र राज्यभन्दा माथि यातायात व्यवसायी भए ।

**-अनुसा थापा**, भक्तपुर

# सडक निर्माणको काम अलपत्र छाडिँदा पैदलयात्रीलाई सास्ती





■ दामोदर खनाल

**बुटवल–** निर्माण कम्पनीले सडकको काम समयमा सम्पन्न नगरी जथाभावी राखिएको निर्माण सामग्रीका कारण पैदलयात्रीले महिनौंदेखि सास्ती बेहोर्नुपरेको छ । बुटवलको गोलपार्क सडक क्षेत्रमा विद्यार्थी, पैदलयात्री र स्थानीयबासीलाई समस्यामा पारेको हो ।

बुटवल बहुमुखी क्याम्पस प्रवेशद्वारको दायाँबायाँ क्षेत्रमा महिनौंदेखि निर्माण सामग्री थुपारेर राखिएको छ । बुटवलको राजमार्ग चौराहदेखि गोलपार्क सडक निर्माणको जिम्मा पाएको ठेकेदारले यस्तो लापारवाही गर्दा पनि सरोकारवाला निकाय बेखबर देखिएको छ ।

क्याम्पसको गेटदेखि उत्तर र दक्षिणतिर मानिसहरू आवतजावत गर्ने बाइपास सडकमा लामो समयदेखि ठूलो परिमाणमा निर्माण सामग्री राख्दा आवतजावतमा निकै कठिनाइ भएको स्थानीय बताउँछन् । यी नै निर्माण सामग्रीका कारण दुर्घटना हुँदा दुई जना यात्रुको ज्यानसमेत गएको वडा नम्बर ३ का वडाध्यक्ष विष्णुप्रसाद ढकालले बताए । 'डिभिजन सडक कार्यालय र निर्माण कम्पनीका ठेकेदारलाई पटक-पटक समस्याबारे जानकारी गराउँदै निर्माण सामग्री हटाउन अनुरोध गरे पनि समस्या उस्तै छ,' उनले भने ।

बुटवल क्याम्पसका प्रमुख अरुण क्षेत्रीले पाँच महिनादेखि यो सडकमा निर्माण सामग्री 'डम्प' गरेर राख्दा धूलो र हिलोका कारण आवतजावतमा सास्ती बेहोर्नुपरिरहेको बताए । उनले भने, 'अत्यन्तै व्यस्त सडक न त समयमा निर्माण भएको छ नत बाइपास सडकको पहाडै बनाएर राखेको निर्माण सामग्री हटेको छ । जति भन्दा पनि कतैबाट सुनुवाइ भएन ।'

क्याम्पस परिसरका पर्खालमा विद्यार्थी हक हितका लागि खुलेका झण्डै आधा दर्जन विद्यार्थी संघ, संगठनका बोर्डहरू देखिन्छन् तर यो समस्याप्रति ती विद्यार्थी संघ, संगठनको ध्यान गएको पाइँदैन । सडकको अन्य क्षेत्रको शाखा सडक पनि वर्षौंसम्म नबन्दा व्यवसायीहरूको आफ्नो व्यवसाय प्रभावित भएको गुनासो गर्छन् । ठेकेदार प्रवीण मिश्र सडकमा राखिएको निर्माण सामग्री हटाउन अझै केही समय लाग्ने बताउँछन् ।

प्राध्यापक तथा स्थानीय सुरेश पौडेलले शाखा सडकमा ठूलो परिमाणमा मालसामान थुपारिँदा आवतजावतमा मात्र समस्या नभई दुर्घटनासमेत बढाएको बताउँछन् । उनले भने, 'केही माथि गोलपार्क क्षेत्रमा सडक निर्माणका क्रममा बनाइएको खाल्डोमा परेर दुई जना यात्रुको त ज्यानै गएको थियो । निर्माणको नाममा सडकमै ठूलो परिमाणमा यसरी निर्माण सामग्री लामो समय राख्नु ठीक होइन ।'

करिब नौ वर्ष अगाडि निर्माण सुरु गरिएको यो सडक अलपत्र छाड्ने निर्माण कम्पनी बिरुवा कञ्चनजंगा जेभी हो । उक्त कम्पनीले काम नगरेपछि गत वर्ष सडक निर्माणको जिम्मा बाबुल दर्शन मालिका जेभी भैरहवालाई दिइएको थियो । कालोपत्रे, सर्भिस लेन, फुटपाथलगायतका काम गर्न २०८१ असोज १८ गते सम्झौता भएको थियो । एक वर्ष अर्थात् २०८२ असोज १८ गते काम सक्नेगरी करिव ३३ करोड रूपैयाँको लागतमा ठेक्का सम्झौता भएको हो । करिब तीन किलोमिटर यो सडकको काम हालसम्म करिब ६० प्रतिशतमात्र भएको बताइएको छ । जसका कारण अबको एक महिनामा यो सडक निर्माणको काम पूरा हुने सम्भावना देखिँदैन ।




**अछाममा प्रभातफेरी** | निजामती सेवा दिवसको अवसरमा आइतबार जिल्ला प्रशासन कार्यालय अछामले सदरमुकाम मंगलसेनमा आयोजना गरेको प्रभातफेरीमा सहभागी कर्मचारी । *तस्बिर: सुशील भण्डारी/रासस*

# म्याग्दीका क्याम्पसमा विद्यार्थी संख्या निरन्तर ओरालो

**म्याग्दी–** जिल्ला सदरमुकाम बेनीमा रहेको एकमात्र म्याग्दी बहुमुखी क्याम्पसमा स्नातक र स्नाकोत्तर तह अध्ययन गर्ने विद्यार्थी संख्या पछिल्लो तीन वर्षयता निरन्तर ओरालो लागेको छ ।

सदरमुकामबाहिर बाबियाचौरको मंगला शिक्षा क्याम्पसमा ११२ र घारको मुक्तिमार्ग क्याम्पसमा विद्यार्थी संख्या ५५ जना छ । समुदायस्तरबाट सञ्चालित तीनवटै क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त हुन् । विद्यार्थी संख्या कम भएपछि न्यु वेस्ट पोइन्ट फाउण्डेसनले व्यवस्थापन संकायमा सञ्चालन गर्दै आएको स्नातक तहको कक्षा दुई वर्षअघि बन्द गरेको थियो ।




पछिल्लो दुई दशकयताको न्यून जन्मदर, बढ्दो बसाइँसराइ र विद्यार्थीहरू रोजगारीसँगै अध्ययनको अवसर खोज्दै विदेश जाने क्रम बढेपछि निजी क्षेत्रले सञ्चालन गरेको क्याम्पस बन्द तथा समुदायको प्रयासमा सञ्चालन भएका क्याम्पसमा विद्यार्थी संख्या ओरालो लागेको हो । म्याग्दी बहुमुखी क्याम्पसका प्रमुख श्रीधर सुवेदीले स्नातक तहमा नयाँ भर्ना हुने दर घटेको र भर्ना भए पनि अन्तिम वर्षसम्म नटिक्ने विद्यार्थी बढेका बताए । उनका अनुसार आर्थिक वर्ष २०७९/८० मा स्नातक तहको मानविकी, व्यवस्थापन र शिक्षा संकायमा भर्ना हुने विद्यार्थीको संख्या ८८५ जना रहेकामा आव २०८०/८१ मा ७०३ र २०८१/८२ मा ५५८ मा झरेको छ ।

स्नातक तहको कम्प्युटर विज्ञान विषयमा आव २०७९/८० मा २१, २०८०/८१ मा २८ र २०८१/८२ मा २३ जना विद्यार्थी भर्ना भएका छन् । म्याग्दी क्याम्पसको व्यवस्थापन र शिक्षा संकायमा स्नाकोत्तर तह अध्ययनका लागि आव २०७९/८० मा ४५, २०८०/८१ मा ६० र २०८१/८२ मा ४६ जना विद्यार्थी भर्ना भएका छन् ।

क्याम्पसमा अध्ययनरत कूल ६२८ जनामध्ये ६४.९७ प्रतिशत छात्रा छन् । विद्यार्थी संख्या कम भए पनि क्याम्पसको उत्तीर्णदर बढेको प्रमुख सुवेदीले बताए । स्नातक तहमा २०७८ सालमा २८.६८, २०७९ मा ३५.२२ र २०८० को उत्तीर्णदर ३७.२२ छ । वि.सं. २०८१ को नतिजा सार्वजनिक हुन बाँकी छ । स्नाकोत्तर तहमा सन् २०२३ को परीक्षामा सहभागी १०८ विद्यार्थीले सबै विषय उत्तीर्ण गरेका क्याम्पस प्रमुख सुवेदीले बताए ।

'विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायण सुनिश्चितता (क्युएए) पाएको क्याम्पसमा उत्तीर्णदर बढे पनि विद्यार्थी संख्या बढाउन र टिकाउन चुनौती भएको छ,' उनले भने, 'विद्यार्थीको संख्यासँगै शुल्कबाट हुने आम्दानी घट्दा क्याम्पस सञ्चालनका लागि स्रोत जुटाउन समस्या भएको छ ।'

म्याग्दी क्याम्पसका पूर्वप्रमुखसमेत रहेका समाजशास्त्र विषयका प्राध्यापक गोरखबहादुर जिसीका अनुसार त्रिभुवन विश्वविद्यालयका आंगिक र सम्बन्धनप्राप्त गरेका एक हजार ५०० मध्ये १०० भन्दा कम विद्यार्थी रहेका क्याम्पसको संख्या ४०० छ । '५०० देखि माथि विद्यार्थी संख्या हुने सामुदायिक क्याम्पस १०० पनि छैनन्, करिब एक हजार जनाको हाराहारीमा विद्यार्थी हुने ४०-४५ वटा क्याम्पसमध्ये म्याग्दी क्याम्पस पनि एक हो,' उनले भने, 'वि.सं. २०७८ सम्म एक हजार ४०० को हाराहारीमा विद्यार्थी संख्या भएको क्याम्पसमा विद्यार्थी घट्नुको प्रमुख कारण वैदेशिक रोजगारी नै हो ।'

व्यवस्थापन संकायका ३५ विद्यार्थीले एकै वर्षमा जापान अध्ययन गर्न जानका लागि सिफारिसपत्र बनाएका उनले बताए । दश जोड दुई अध्ययन सकेपछि विद्यार्थी रोजगारीसँगै आम्दानी गर्ने अवसर खोज्दै ठूला सहरका क्याम्पसमा भर्ना भएर तयारी गर्ने र उच्च शिक्षा पूरा नहुँदै जापान, अस्ट्रेलियाजस्ता देशमा जाने गरेका प्राध्यापक जिसीले बताए । *रासस*

# युवाहरु विदेशतिर, बाँझिदै खेतीयोग्य जमिन

**ढोरपाटन (बागलुङ)–** बागलुङका धेरैसजो ग्रामीण क्षेत्र बसाइँसराइका कारण सुनसान बन्दै गएका छन् । बसाइँसराइले गाउँमात्रै सुनसान भएका छैनन् । पहिले धान, गहुँ र मकै फल्न खेतीयोग्य जमिन पनि अहिले उराठिलो बनेका छन् । कतै सिउँडी पलाएका छन्, त कतै वनमाराले ढाकिएका छन् । ताल्चा ठोकेको घर पनि चिरिएर रुग्ण बनेका छन् । खासगरी जिल्लाको काठेखोला गाउँपालिका, जैमिनी, गलकोट नगरपालिकामा बसाइँसराइ गरे सहर बजार झर्नेको संख्या धेरै छ ।

अहिले गाउँमा बूढापाका र बालबालिकामात्रै छन् । युवा शक्ति पनि विदेश पलायन भइरहेका छन् । यसले गर्दा बर्सेनि उर्वर जमिन बाँझोमा परिणत हुँदै छ । बसाइँसराइ र जनशक्तिको विदेश मोहको असर उत्पादनमा परेको छ । बागलुङमा कूल एक लाख ७८ हजार ४०६ हेक्टर जमिन रहेको छ । त्यसमध्ये ४६ हजार १४८ हेक्टर जमिनमा खेती गर्न सकिन्छ । हाल ३० हजार ५०३ हेक्टर जमिनमामात्रै खेती भइरहेको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिए ।

कूल जमिनको २५ प्रतिशतमात्रै खेतीयोग्य जमिन रहेकोमा अहिले १७ प्रतिशत जमिनमा मात्र खेती हुने गरेको अधिकारीले बताए । बागलुङमा १५ हजार ६४५ हेक्टर जमिन बाँझो रहेको उनको भनाइ छ । आगामी वर्ष अझै घट्ने सम्भावना रहेको अधिकारीले बताए । खेतबारीमा काम गर्ने जनशक्ति विदेसिने र बजार झर्ने गर्दा खेतीयोग्य जमिन बाँझो हुँदै गएको उनी बताउँछन् । आगामी वर्षहरूमा बाँझो जमिन थप बढ्दै जाने सम्भावना रहेको उनले सुनाए ।

उनले भने, 'बागलुङ जिल्लाभरि ४६ हजार १४८ हेक्टर खेतीयोग्य जमिन छ, तर अहिले जम्मा ३० हजार ५०३ हेक्टरमामात्रै खेती भइरहेको छ, यो संख्या पनि अझै घटिरहेको छ, १४ हजार ६२५ हेक्टर जमिन बाँझो छ भने एक हजार २० हेक्टर जमिनमा खेती नगरी अन्य प्रयोगनका लागि प्रयोग भएका छन्, जबसम्म गाउँबाट बजार झर्ने र विदेश पलायन हुने अवस्था रोकिँदैन तबसम्म खोतीयोग्य जमिन बाँझोमा परिणत हुँदै जाने सम्भावना बढेको छ ।'

जैमिनी-४ की देवी शर्माले बारीमा काम गर्ने मान्छे नहुँदा अहिले आफ्नो ८० प्रतिशत खेती गर्ने बारीमा झाडी पलाएको बताइन् । छरछिमेकी बसाइँ सरेर चितवन, गैडाकोट र भैरहवा गएको उनको भनाइ छ । पहिले २० मुरी धान, २२ मुरी मकै र कोदो उत्पादन गरेको स्मरण गर्दै अहिले पाँच/सात मुरी उब्जाउन गाह्रो पर्ने शर्माले बताइन् । पैसा दिएर खनजोत गर्ने खेतालासमेत नपाइने उनी बताउँछिन् ।

'जुग जमान फेरिए, हाम्रो पालामा यो गाउँघर कति रमाइलो थियो, वरपरका खेतबारीमा धान, मकै, गहुँ उत्पादन हुन्थ्यो, बाहिरबाट केही पनि ल्याएर खान पर्दैनथ्यो, अहिले त गाउँमा गरिखाने ठाउँ भएर पनि काम गर्ने मान्छे पाइँदैन,' उनले भनिन्, 'हेर्दाहेर्दै मेरो हात पाखुराले दुःख गरेर अन्न फलाएको ठाउँ यस्तो झाडीले ढाक्ने भयो, पछिपछि त अहिले खेती हुने ठाउँ पनि जंगलमा परिणत हुन्छन् भन्ने पिर लाग्न थाल्यो ।'

काठेखोला-८ लेखानीका मेघराज कँडेलले पछिल्लो १० वर्षमा गाउँका आधा बढी खेतीयोग्य जमिन बाँझो बनेको सुनाए । पहिले बारीमा उत्पादन गरेको धान बेचेरै वर्षभरि खान लाउन पुग्ने गरेको भन्दै अहिले बारी भएर पनि उत्पादन गर्न नसक्ने उनको भनाइ छ । युवा विदेश जाँदा गाउँमा बूढाबूढीमात्रै रहेको भन्दै आफूहरूले काम गर्न नसक्दा खेतीयोग्य जमिन बाँझो बनेको कँडेलले बताए । *रासस*


## Dullu Municipality
### Office of Municipal Executive
Dullu, Dailekh
Karnali Province, Nepal

### Invitation For Bids

First Date of publication: 2082/05/23

1. ***Dullu Municipality, Dailekh*** invites only electronic bids from Nepalese eligible bidders for the construction of ***below listed execution of works*** under National Competitive Bidding procedures.

| S. N. | Contract No | Work Description/ Name of Project | Estimated Amount without VAT & PS | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Works/NCB/ DM/08/2082/083 | Bhawatakura – Tuldhara - tolidokra sadak upgrading Works Dullu Municipality-5. | 3,440,124.57 | 110000.00 | 3000.00 | 120 Days |
| 2 | Works/NCB/ DM/09/2082/083 | Bhajaniyapokhari – Pipalghari sadak upgrading Works Dullu Municipality-9. | 3,439,130.34 | 110000.00 | 3000.00 | 120 Days |
| 3 | Works/NCB/ DM/10/2082/083 | Madasaina– Gairi - Navisthan sadak upgrading Works Dullu Municipality-10. | 3,442,085.29 | 110000.00 | 3000.00 | 120 Days |

2. a) Rajaswa (revenue) Khatta No. 4340100301010002 &
b) Dharauti Khatta(Deposit Acct.) No: 4340100303000002
3. Electronic bids must be submitted before ***12:00 on 2082/06/22.***
The bids will be opened at ***14:00 on 2082/06/22.***

***Chief Administrative Officer***



## साउदीमा रोजगार
कम्पनी : RIFCOM EGG PRODUCTION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330688 | चलानी नं. ६०२४४५५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING ELECTRICIAN | 1 | 0 | 1500 | ५६,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७१/०६७/०६८

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदीमा रोजगार
कम्पनी : SAHWAT TARA CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330798 | चलानी नं. ६०२४४५८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading General Factor | 3 | 0 | 1000 | ३७,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## साउदीमा रोजगार
कम्पनी : FIRST INDUSTRIES COMPANY FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330799 | चलानी नं. ६०२४४५६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Installer | 10 | 0 | 1200 | ४५,१८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

# प्रभाव दैनिक

सोमबार, २३ भदौ २०८२ (Monday, 08 September 2025)


रूपशाला

## गीतकार राईले ल्याए हर्क साम्पाङ समर्पित गीत

गीतकार तथा ब्रिटिस गोर्खाली सेना केशव राईले धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङप्रति समर्पित गीत ल्याएका छन् । 'हर्क साम्पाङ आए अब देशको विकास हुन्छ' बोलको गीत राईले लेखेका हुन् । यस गीतलाई वरिष्ठ गायक राजेशपायल राई र गायिका सुनिता थेगिमले गाएका छन् । पवन बान्तावा राईले संगीत भरेका छन् । मेयर साम्पाङप्रति समर्पित गीतमा राजु कार्कीको एरेञ्ज रहेको छ । यस गीतको भिडियो विशाल राईले बनाएका हुन् ।



# कालिंगामा अमोल पालेकर र सन्ध्यासँग बुद्धिसागरको संवाद

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी भदौ २८ र २९ गते ललितपुरको हिमालय होटलमा हुने चौथो संस्करणको 'कालिंगा साहित्य महोत्सव' हुँदै छ । महोत्सवमा देशविदेशका साहित्यकार, गायक, संगीतकार, कलाकार र कूटनीतिज्ञलगायत सहभागी हुँदै छन् ।

कार्यक्रमको दोस्रो दिन भदौ २९ गते उत्सवमा चर्चित भारतीय अभिनेता एवं निर्देशक अमोल पालेकर र लेखिका सन्ध्या गोखलेसँग नेपाली लेखक बुद्धिसागरले संवाद गर्ने भएका छन् । पालेकर र गोखले श्रीमान्श्रीमती हुन् । सेसन दिउँसो १२:१० देखि १ बजेसम्म चल्ने आयोजकले जानकारी दिएको छ । 'लाइफ इन फ्रेम : अमोल पालेकर' शीर्षकको यस विशेष सत्रमा पालेकर र गोखलको जीवनयात्रा, कला र सिर्जनाबारे संवाद हुने छ ।




७० र ८० को दशकमा हिट सिनेमा दिएका पालेकर सादगीपूर्ण अभिनय र निर्देशनका कारण चर्चित छन् । १९६७ मा थिएटरबाट अभिनय यात्रा थालनी गरेका पालेकरले मराठीसहित हिन्दी सिनेमामासमेत काम गरेका छन् । रजनीगंधा, गोलमाल, छोटी सी बात, भूमिका, सफेद, झूट, बातों बातों में, बात बनजाए, अक्रिट, नरम गरम, तेस्रा कानुनलगायत दर्जनौं फिल्ममा काम गरेका छन् ।

उनलाई गोलमाल, अक्रिट र भूमिका फिल्मबाट फिल्मफेयर अवार्ड प्राप्त भएको थियो । पालेकरले अक्रिट, आँखें, दायरा, थोडा सा रुमानी हो जाए, आहट, क्विस्टलगायत फिल्म निर्देशनसमेत गरेका छन् । यस्तै सन्ध्या गोखलेले पहेली, समान्तर, वि आर अन, १९४२: अ लभ स्टोरीलगायत फिल्म लेखेकी छन् । बुद्धिसागर कर्णाली ब्लुज, फिरफिरे, एक्लोजस्ता चर्चित उपन्यासका लेखक हुन् भने उनको 'बुद्धिसागरका कविताहरू' पुस्तक पनि प्रकाशित छ । यसपटकको संस्करणको मूल विषय 'सीमापारि: बदलिँदो विश्वमा दक्षिण एसियाली साहित्य' रहेको छ । महोत्सवमा भारत, नेपाल, भुटान, बंगलादेश र श्रीलंकासहित करिब ३०० लेखक सहभागी हुने नेपालस्थित आयोजकले जानकारी दिएको छ ।

कार्यक्रमले नेपाल-भारत तथा दक्षिण एसियाली मुलुकबीचको साहित्यिक र सांस्कृतिक सम्बन्ध सुदृढ बनाउने कालिंगाकी संस्थापक तथा निर्देशक रश्मी रञ्जन परिदाले बताइन् । 'यस महोत्सवमा साहित्य, संगीत, नृत्य, कवितालगायत कलाको प्रदर्शनी हुने छ,' उनले भनिन्, 'नेपाल, भारत र दक्षिण एसियाको सांस्कृतिक र बौद्धिक विषय आदानप्रदानका साथै लामो समयदेखि कायम आपसी सम्बन्ध पनि बलियो बनाउने विश्वास हामीले लिएका छौं ।'

चौथो संस्करणलाई यसअघिका कार्यक्रमभन्दा विशेष र प्रभावकारी बनाउनेगरी तयारी गरिएको उनको भनाइ छ । यसपटकको महोत्सवमा 'अन्तर्राष्ट्रिय बुकर पुरस्कार २०२५'का विजेता भारतीय लेखिका बानु मुस्ताक पनि सहभागी हुने छिन् । उनीसँगै अनुवादक दीपा भास्टी, इतिहासकार डा. विक्रम संपत, लेखक तथा कूटनीतिज्ञ विकास स्वरूपलगायत दक्षिण एसियाली र अन्तर्राष्ट्रिय ख्यातिप्राप्त लेखकहरू महोत्सवमा सहभागी हुने छन् ।

महोत्सवमा प्यानल छलफल, कविता वाचन, पुस्तक लोकार्पण, लेखकसँग अन्तरक्रिया, लेखन तथा अनुवाद कार्यशाला र सांस्कृतिक प्रस्तुति हुने छन् । कार्यक्रमले नेपाल-भारत तथा दक्षिण एसियाली मुलुकबीचको साहित्यिक र सांस्कृतिक सम्बन्ध सुदृढ बनाउने आयोजकको विश्वास छ ।


## साउदीमा रोजगार

कम्पनी : SAHWAT TARA CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330798 | चलानी नं. ६०२४४५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading General Factor | 3 | 0 | 1000 | ३७,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ 30 गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



## युएइमा रोजगार

कम्पनी : AL NAHAR UNITED INDUSTRY

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330805 | चलानी नं. ६०२४४५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 50 | 0 | 1100 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ 30 गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



NEW ALFA HR SERVICES PVT. LTD.

Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com

Govt. License No. 1090/073/74



## युएइमा रोजगार

कम्पनी : PERLA BEAUTY LOUNGE

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330734 | चलानी नं. ६०२४४५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN/THERPIST | 0 | 1 | 1500 | ५७,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075



## युएइमा रोजगार

कम्पनी : Creative House Scaffolding Llc

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330811 | चलानी नं. ६०२४४५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 12 | 0 | 1200 | ४६,१६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३० गते (15th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.

श्रम ईजाजत नं. ४४९/०६०/६१

Samakhusi-26, Kathmandu, Nepal, Contact: +977-1-5906456, 9840326085, 9818058497, 9843932579, 9705706879, 9808205235, 9845127720, 9804461405, 9745382449, 970-6732919

Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com


## रंगशाला

# 'त्रिवि क्रिकेट रंगशाला देशकै नमूना विकास योजना'



**काठमाडौं (प्रस)–** उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले त्रिभुवन विश्वविद्यालय क्रिकेट रंगशाला देशकै नमूना विकास योजना बन्न पुगेको बताएका छन् ।

निर्माणाधीन रंगशालाको प्रगति विवरण बुझ्न आइतबार कीर्तिपुर पुगेका उनले सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै तोकिएको समयभन्दा केही बढी समय लागे पनि नमूना योजना बनेको बताएका हुन् । उपप्रधानमन्त्री सिंहले भने, 'अरु आयोजना समयावधिभन्दा दोब्बर, तेब्बर ढिलो बन्ने प्रवृत्ति हेर्दा यसमा धेरै ढिला भएको छैन । यद्यपि, ढिलाइ हुने प्रवृत्ति निरुत्साहित गर्न जरिवानाको प्रावधानलाई बिनामोलाहिजा लागू गरिएको छ । यो आयोजनाले हामीलाई उत्साहित बनाएको छ ।'

रंगशाला स्तरीकरणको पहिलो चरणअन्तर्गत प्यारापिट निर्माण सम्पन्न भएको र फ्लडलाईट जडान पनि अन्तिम चरणमा पुगेकाले केही दिनमै १० हजार दर्शकलाई खेल देखाउन सक्ने गरी रंगशाला तयार हुने उनको विश्वास थियो ।

उपप्रधानमन्त्री सिंहलाई सहरी विकास मन्त्रालयका सहसचिव चक्रवर्ती कण्ठ तथा निर्माण व्यवसायीहरूले त्यहाँको कार्य प्रगतिबारे जानकारी गराएका थिए । वर्तमान सरकार गठन भएकै दिन पहिलो मन्त्रिपरिषद् बैठकले त्रिवि क्रिकेट रंगशालालाई ३०० दिनभित्र सबै सुविधायुक्त र रातिसमेत खेल्न मिल्नेगरी अन्तर्राष्ट्रियस्तरको बनाउने निर्णय गरेको थियो ।

यसअन्तर्गत पहिलो चरणमा १० हजार सिट क्षमताको प्यारापिट निर्माण र छ वटा फ्लडलाई जडान गर्ने योजना छ । दोस्रो चरणमा भने १५ हजार थप दर्शक अट्नेगरी प्यारापिट, ड्रेसिङ रूम, सञ्चार तथा विशिष्ट कक्षसमेत निर्माण हुने जनाइएको छ ।

# नेपाललाई करातेमा दुई कास्य

**काठमाडौं (प्रस)–** नेपालले २३औं एकेएफ यु-२२ कराते च्याम्पियनसिपमा दुई कास्य पदक प्राप्त गरेको छ । नेपालले दुवै पदक क्याडेटतर्फ पाएको हो । चीनमा भएको उक्त प्रतियोगितामा रेहान जावेदले पुरुष एकल काता तथा मनिषाकुमारी बोहराले महिला ६० किलोमुनिको तौल समूहमा कास्य पदक प्राप्त गरेको राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले जानकारी दिएको छ ।

Nepal Army

No.2 Ban Tatha Paryabaran Surakshya Gana

**Invitation for Online Bid**

**(Date of Publication: 2082-05-23)**

1. No.2 Ban Tatha Paryabaran Surakshya Gana, Hattikhor barrack, Nawalparasi (Ba.Su.Pu.) invites online bid for the following Procurement of Plantation and fencing work. The name and identification of the contracts are as follows.

| S. No. | Name of Procurement | Contract Identification No. | Last Date of Bid Submission | Bid opening Date and Time | Cost Estimate (Including Vat) | Document Fee | Bid Security | Notice Publication times |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation work and Fencing at Bardaghat-16 Kerabari, Nawalparasi (Ba.Su.Pa.) | NA/NO.2FESBN/NCB/WORKS/082/83/2 | 2082-06-22 at 12:00 | 2082-06-22 at 13:00 | Rs. 20,20,740.58 | Rs. 3,000.00 | Rs. 50,000.00 | First time |

2. Interested and eligible bidders may obtain further information & inspect the bidding documents at www.bolpatra.gov.np/egp. For more details, please contact in 9857086942.

'कृषि, पर्यटन र पूर्वाधारको दीगोपन: समृद्ध, सुसंस्कृत शहिद लखन'

**Shahid Lakhan Rural Municipality**

**Office Of The Rural Municipal Executive**

**Ghairung, Gorkha**

**Gandaki Province**

**Invitation For Bids**

**Date Of Publication: 2082-05-23 Bs**

1. Shahid Lakhan Rural Municipality invites electronic bid from national eligible bidders for Item Rate Contract of the following goods:

| SN | Contract No: | Brief Description of Works Title | Estimate Amount | Bid Security Amount in (NRS) | Last Date & Time of Bid Submission | Bid Opening Date and time | Bid Validity Period after bid opening | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/MEDICINE/SQ/082/083/02 | Procurement & Supply of Medicine and Surgical Materials | 25,86,920.50 | 65,000 | 2082/06/07BS) Up to 12:00hr | 2082/06/07 BS,13:00hr | 75days | 3000 |

2. Tender Procedures shall follow Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
3. For further information, please refer to the PPMO's website.Any amendment in the notice or bid documents will be posted in website www.shahidlakhanmun.gov.np, notice board of this office and PPMO's website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



रोमानियाको बुखारेस्टमा आयोजित तेस्रो एसियाली सांस्कृतिक महोत्सवमा परम्परागत इण्डोनेसियाली नृत्य प्रस्तुत गर्दै कलाकार । *तस्बिरः सिन्ह्वा*

# शिकागोमाथि 'युद्ध' चेतावनी, ट्रम्पको कारबाही धम्की






**वासिङ्टन–** अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार शिकागोमा आफ्नो नयाँ नामकरण गरिएको 'डिपार्टमेण्ट अफ वार' (युद्ध मन्त्रालय) लागू गर्ने धम्की दिएका छन् । डेमोक्रेटिक नेतृत्वमा रहेका अमेरिकी सहरहरूमा सेना तैनाथ गर्ने उनको दबाबका कारण तनाव झन् बढेको छ ।

यो कदम वासिङ्टनमा भएको अपरेसनको पुनरावृत्ति जस्तै हो, जहाँ ट्रम्पले नेसनल गार्ड सेना तैनाथ गरेका थिए र संघीय एजेण्टहरूको संख्या बढाएका थिए । यसलाई लिएर शनिबार राजधानीमा नयाँ विरोध प्रदर्शन भई हजारौं मानिस सडकमा ओर्लिएका थिए ।

'शिकागोले छिट्टै थाहा पाउने छ कि यसलाई युद्ध मन्त्रालय किन भनिन्छ,' ट्रम्पले आफ्नो ट्रुथ सोसलमा लेखे । 'संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले अमेरिकी सहरसँग युद्ध गर्ने धम्की दिएका छन् । यो सामान्य होइन, यो मजाक पनि होइन,' इलिनोइसका डेमोक्रेटिक गभर्नर जेबी प्रिट्जकरले उक्त पोस्टप्रति आक्रोश प्रकट गर्दै भने, 'इलिनोइस कुनै तानाशाहबाट डराउने छैन ।'

ट्रम्पको पोस्टमा उनको स्पष्ट एआई–निर्मित छवि र उद्धरण समावेश थियो, 'मलाई बिहान निर्वासनको गन्ध मन पर्छ ।' यसले सन् १९७९ को भियतनाम युद्ध फिल्म 'एपोक्यालिप्स नाउ'को सन्दर्भ दिन्छ । उक्त फिल्ममा लेफ्टिनेण्ट कर्नल बिल किल्गोरले अमेरिकी सेनाले भियतनाममा अत्यधिक ज्वलनशील नापाम हतियार प्रयोग गर्दा 'नापामको गन्ध मन पर्छ' भनेका थिए ।

७९ वर्षीय रिपब्लिकन ट्रम्पले अगस्टको अन्त्यदेखि नै शिकागोविरुद्ध धम्की दिँदै आएका छन् । शनिबार शिकागोमा 'यो फासीवादी शासन रोक' भन्ने प्लेकार्डसहित विरोध प्रदर्शन भयो । प्रदर्शनकारीहरूले 'ट्रम्प होइन, कुनै सेना छैन' भन्ने नारासहित ट्रम्प टावर अगाडि असभ्य हावभाव पनि प्रदर्शन गरेका थिए ।

त्यसै दिन वासिङ्टनमा हजारौंको सहभागितामा भएको विरोध मार्चले 'कब्जा अन्त्य'को माग गरेको थियो । प्रदर्शनकारीहरूले उल्टो अमेरिकी झण्डा बोकेका थिए । यो परम्परागतरूपमा राष्ट्र अस्तित्व संकटमा परेको प्रतीक हो ।

ट्रम्पले पहिलोपटक जुन महिनामा लस एन्जलसमा सेना र संघीय एजेण्ट तैनाथ गरेका थिए । त्यसपछि वासिङ्टन र अन्य सहरहरूमा विस्तार गरिएको यो कदम कानुनी चुनौती र तीव्र आलोचनाको विषय बनेको छ । आलोचकहरूले यसलाई बल प्रयोगद्वारा अधिनायकवादी प्रदर्शन भनेका छन् ।

लस एन्जलसका स्थानीय अधिकारीहरूले पनि आइसिई एजेण्टहरूको हिंसात्मक रणनीतिविरुद्ध आवाज उठाएका थिए । ती एजेण्टहरूले प्रायः मास्क लगाएर, अचिह्नित कार प्रयोग गरेर र विनाकारण वा वारेण्ट मानिसहरूलाई सडकमै पक्रने गर्थे ।

शिकागोसहित ट्रम्पले डेमोक्रेटिक नेतृत्वका अन्य सहर बाल्टिमोर र न्युअर्लिन्समा पनि यस किसिमको कारबाही गर्ने चेतावनी दिएका छन् । शुक्रबार उनले रक्षा मन्त्रालयको नाम आधिकारिकरूपमा युद्ध मन्त्रालयमा परिवर्तन गर्ने आदेशमा हस्ताक्षर गरे । 'यसले विश्वलाई विजयको सन्देश दिने छ,' उनले भने ।

पेण्टागन प्रमुख पिट हेग्सेथले यस कदमलाई स्वागत गर्दै अमेरिकाले आफ्नो लक्ष्य पूरा गर्न कुनै सम्झौता नगर्ने र आवश्यकता परे हिंसा प्रयोग गर्ने संकेत दिएका छन् । *रासस/एएफपी*

# युक्रेनमाथि रूसको हालसम्मकै ठूलो हवाई आक्रमण



**किएभ–** रुसले आइतबार बिहान युक्रेनमा युद्ध सुरु गरेयताकै सबैभन्दा ठूलो हवाई आक्रमण गरेको छ । उक्त आक्रमणमा दुई जनाको मृत्यु भएको छ भने किएभस्थित युक्रेन सरकारको सिटमा आगलागी भएको अधिकारीहरूले बताएका छन् ।

एएफपीका एक पत्रकारका अनुसार युक्रेनको मन्त्रिपरिषद् भवनको छतमा आगो लागेको थियो र राजधानीमाथि बाक्लो धुवाँ उडिरहेको देखिन्थ्यो । आपत्कालीन सेवाले ड्रोन आक्रमणका कारण किएभका धेरै अग्ला भवनहरूमा क्षति पुगेको पुष्टि गरेको छ ।

साढे तीन वर्षदेखि जारी युद्ध अन्त्य गर्ने प्रयासमा संयुक्त राज्य अमेरिकाले शान्ति सम्झौतामा मध्यस्थता गरे पनि रुसले कुनै लचकता देखाएको छैन । युरोपेली राष्ट्रहरूले भने हालैमात्र फ्रान्स र बेलायतको नेतृत्वमा शान्ति सम्झौता कार्यान्वयन गर्न गस्ती सेना तैनाथ गर्ने वाचा गरेका थिए, तर मस्कोले यसलाई अस्वीकार्य ठहर गरेको छ ।

युक्रेनको मन्त्रिपरिषद् परिसरमा भएको यो प्रहार युद्धको पहिलो यस्तो आक्रमण हो । घटनास्थलमा पुगेका एएफपीका पत्रकारले उद्धारकर्ताहरूले हेलिकप्टरमार्फत पानी खसाल्दै आगो नियन्त्रणमा लिने प्रयास गरेको देखेका थिए ।

'आक्रमणका कारण भवनको छत र माथिल्लो तल्ला क्षतिग्रस्त भएको छ । उद्धारकर्ताहरूले आगो निभाइरहेका छन्,' प्रधानमन्त्री युलिया स्विरिडेण्कोले टेलिग्राममा लेखेका थिए, 'हामी भवनहरू पुनर्निर्माण गर्नेछौं तर गुमेको जीवन फर्काउन सक्दैनौं । सत्रुहरूले हरेक दिन हाम्रो जनतालाई आतंकित पारिरहेका छन् ।'

युक्रेनी वायु सेनाका अनुसार रुसले शनिबार रातिदेखि आइतबार बिहानसम्म युक्रेनमा कम्तीमा ८०५ ड्रोन र १३ क्षेप्यास्त्र प्रहार गरेको थियो । एएफपीका पत्रकारहरूले आइतबार बिहान राजधानीमा ठूला विष्फोट सुनेका थिए । किएभको पश्चिममा रहेको नौ तले आवासीय भवनमा भएको आक्रमणमा एक आमा र उनकी दुई महिनाको शिशुको मृत्यु भएको अभियोजकहरूले जनाएका छन् । प्रहरीका अनुसार एक दर्जनभन्दा बढी घाइते भएका छन् ।

युक्रेनको उद्धार सेवाले भवनमा लागेको आगलागी र त्यसबाट निस्किरहेको धुवाँका तस्बिर सार्वजनिक गरेको छ । दुई दर्जनभन्दा बढी युरोपेली देशहरूले युद्ध अन्त्य गर्ने सम्भावित सम्झौतामा गस्ती गर्ने वाचा गरेका छन् । कतिपयले भूमिगत सेना पठाउने वचनसमेत दिएका छन् । किभले भविष्यमा रुसले पुनः आक्रमण नगर्न सुनिश्चित गर्न पश्चिमी सेनाको समर्थनमा सुरक्षा ग्यारेण्टीहरू अत्यावश्यक हुने बताउँदै आएको छ । तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा कुनै पनि पश्चिमी सेना अस्वीकार्य हुने र त्यसलाई 'वैध' लक्ष्य ठहरिने चेतावनी दिएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्ला हप्तामा युद्ध अन्त्य गर्ने प्रयासलाई अघि बढाए पनि अहिलेसम्म खास प्रगति हासिल भएको छैन । रुसी सेनाले हालसम्म युक्रेनको करिब २० प्रतिशत भूभाग ओगटेको छ । साढे तीन वर्ष लामो द्वन्द्वमा दशौं हजार मानिस मारिएका छन्, लाखौं विस्थापित भएका छन् र पूर्वी तथा दक्षिणी युक्रेनका धेरै भाग ध्वस्त भएका छन् । यो द्वन्द्व दोस्रो विश्वयुद्धपछिको युरोपकै सबैभन्दा रक्तपातपूर्ण युद्ध बनेको छ । *रासस/एएफपी*

# जापानका प्रधानमन्त्री इशिबाले घोषणा गरे राजीनामा

**टोकियो–** जापानका प्रधानमन्त्री शिगेरु इशिबाले आइतबार आफू सत्तामा बसेको एक वर्ष नपुग्दै पदबाट हट्ने घोषणा गरेका छन् । उनको घोषणाले विश्वको चौथो ठूलो अर्थतन्त्रका लागि नयाँ अनिश्चितता थपेको छ ।

यसबेला जापान बढ्दो खाद्य मूल्यसँग जुधिरहेको छ र आफ्नो महत्त्वपूर्ण अटो क्षेत्रमा अमेरिकी भन्सार शुल्कको असर बेहोरिरहेको छ । 'अब अमेरिकी करसम्बन्धी वार्ता निष्कर्षमा पुगेको छ, म विश्वास गर्छु यो उपयुक्त क्षण हो,' इशिबाले पत्रकार सम्मेलनमा भने, 'मैले पछि हट्ने र नयाँ पुस्ताका लागि बाटो बनाउने निर्णय गरेको छु ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत बिहीबार जापानी अटोहरूमा कर घटाउने आदेशमा हस्ताक्षर गरेका थिए । वासिङ्टनले जुलाईमा टोकियोसँग भएको व्यापार सम्झौता कार्यान्वयन गर्न अघि बढेसँगै यो कदम आएको हो ।

यद्यपि, जापानी अटोहरूले हालको २७.५ प्रतिशतको सट्टा अब १५ प्रतिशत कर तिर्नुपर्ने छ, जसले अझै पनि प्रमुख उद्योगमा ठूलो दबाब सिर्जना गर्ने बताइएको छ । लामो समयदेखि प्रभावशाली लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को सुरक्षित नेताका रूपमा परिचित ६८ वर्षीय इशिबा सन् २०२४ सेप्टेम्बरमा पार्टी नेतृत्व जितेर सन् २००० पछि एलडिपीको १०औं प्रधानमन्त्री बनेका थिए ।

मिडिया प्रतिवेदनअनुसार इशिबाले पार्टी विभाजनलाई रोक्न राजीनामा गर्ने निर्णय गरेका हुन् । शनिबार राति कृषिमन्त्री र एक पूर्वप्रधानमन्त्रीले उनलाई स्वेच्छिक रूपमा पद त्याग गर्न आग्रह गरेका थिए । गत हप्ता पार्टीका नम्बर दुई हिरोशी मोरियामासहित चार वरिष्ठ अधिकारीले पनि राजीनामा दिन सुझाव दिएका थिए ।

जुलाईमा भएको माथिल्लो सदनको निर्वाचनमा हारपछि विपक्षीहरूले इशिबालाई चुनावी नतिजाको जिम्मेवारी लिएर पद त्याग गर्न दबाब दिइरहेका थिए । यस कदमलाई ८४ वर्षीय प्रभावशाली पूर्वप्रधानमन्त्री तारो एसोलेसमेत समर्थन गरेको जनाइएको छ ।

पार्टी नेताका रूपमा इशिबाको कार्यकाल सन् २०२७ सेप्टेम्बरसम्म रहने प्रावधान थियो । तर अब उत्तराधिकारीका लागि प्रतिस्पर्धा सुरु हुने देखिएको छ । इशिबाका प्रमुख प्रतिद्वन्द्वी साने ताकाइचीले मंगलबार प्रतिस्पर्धामा उत्रने घोषणा गरे । उनलाई कट्टर राष्ट्रवादी नेताका रूपमा हेरिन्छ । सन् २०२४ को नेतृत्व निर्वाचनमा उपविजेता बनेका हाकिस ताकाइची भने मतदातामाझ कम लोकप्रिय देखिएका छन् । *रासस/एएफपी*


## बुद्धशान्ति गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा, कोशी प्रदेश, नेपाल

**गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना**

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**

क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।



**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**

क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।



**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**

क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**

क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।






## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१२००० | प्रति तोला – ० | प्रति तोला – २५०० |

रोजगार वार्ता



**राजाराम गौतम**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ

# ‘अभिमुखीकरणको नाममा गलत गर्ने व्यवसायीलाई संरक्षण गर्न महासंघ लाग्दैन’

पूर्वप्रस्थान अभिमुखीकरण तालिम (पिडिओटी)ले वैदेशिक रोजगारीमा जाँदा आवश्यक पर्ने कागजात, गन्तव्य मुलुकको कानुन, संस्कार, संस्कृतिलगायत विविध विषयमा जानकारी दिन्छ । पिडिओटीको कोर्स समयसापेक्ष नभएकाले श्रमिकहरूले राम्रो प्रशिक्षण पाएनन् भन्ने प्रश्न लामो समयदेखि उठ्दै आएको थियो । हाल भने सरकार पाठ्यक्रम परिमार्जनको तयारीमा जुटेको छ । यसै सन्दर्भमा नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष तथा संगम म्यानेजमेण्ट सर्भिसेजका सञ्चालक **राजाराम गौतम**सँग *प्रभाव*कर्मी **ममता थापा**ले गरेको कुराकानी:

**कस्तो छ अभिमुखीकरणको वर्तमान अवस्था ?**

यो सुधारोन्मुख छ । वैदेशिक रोजगारीमा जानेलाई अहिलेको आधुनिक प्रविधिको प्रयोग गरेर प्रशिक्षण दिने वातावरण बन्दै छ । अब काम गर्न अलि सजिलो हुन्छ होला ।

**पाठ्यक्रम परिमार्जन गर्ने तयारी हुँदै छ, के–के विषयवस्तु थपिने छन् ?**

पाठ्यक्रममा चारवटा विषयवस्तु थप गरिएका छन् । मानसिक स्वास्थ्य, वित्तीय साक्षरता, सामाजिक सुरक्षा र स्वास्थ्य अवस्थाको बारेमा विशेष जोड दिइएको छ । अरुचाहिँ भइरहेका विषयवस्तुमा परिमार्जन गरेर समयसापेक्ष बनाउने तयारी छ ।

त्यस्तै, अर्को कामदार आएर प्रशिक्षण लिने र लिइसकेपछि पूर्वप्रस्थान अभिमुखीकरण तालिम (पिडिओटी) भनेको के हो भन्दा पनि नजान्ने अवस्था थियो । अब सिकाइ मूल्यांकनलाई पनि पाठ्यक्रमको विशेष अंग बनाइने छ । अब जाने कामदारले कक्षामा आएपछि सिक्नैपर्छ भन्ने मानसिककताका साथ आउनुपर्ने भयो । त्यस्तै, कुनै पनि देशमा ग्रीटिंग्स गर्ने, त्यहाँका चाडपर्व, ठाउँलगायतका विषयमा जानकारी गराउने ५० वटा शब्द सिकाइ मूल्यांकनमा राखिदिएका छौं ।

**सिकाइ मूल्यांकनचाहिँ कसरी गरिन्छ ?**

कति सिकेको छ भनेर डिजिटल विधिबाटै सोधिने छ । उहाँहरूलाई नै कम्प्युटरमा राखेर प्रश्न सोधिन्छ । प्रत्येक तालिम केन्द्रले त्यो एक्सेस पाएको हुन्छ । पढ्न जान्नेको हकमा कम्प्युटरबाट र नजान्नेका लागि अडियोबाट सोधिन्छ । न्यूनतम ग्रेड आएका खण्डमा फेरि परीक्षा दिने वातावरण बनाउँछौं । जुन पोर्टलमा परीक्षा लिइन्छ त्यसमै प्रश्नोत्तर हुन्छ । न्यून ग्रेड आए उसले फेरि पढेर परीक्षा दिन सक्छ । फेरि अभिमुखीकरण लिन पर्दैन । त्यसका लागि फेरि शुल्क पनि लाग्दैन । समयचाहिँ लाग्ने भयो ।

**पुरानो पाठ्यक्रमबाट हटाउनुपर्ने विषयवस्तु के छन् ?**

पुरानो पाठ्यक्रम भद्दा छ । हामीले एक वर्षमा पढ्ने जत्रो किताब बनाएको छ । त्यहाँ हाम्रै देशका कानुनका विषय, संविधानका विषय छन् । मौलिक हक, मानवअधिकार, महिला अधिकारलगायतका विषय छन्, त्यो आवश्यक छैन । एउटा मान्छेलाई कक्षामा उभिएर लेक्चर दिने नभई डिजिटल बोर्डमार्फत कार्टुन, वृत्तचित्र, फिल्मजस्ता ‘भिजुअल’मार्फत बोध गराउने हो ।

एउटा विधिमा परिवर्तन भयो । अर्को पुरानो शैलीका कति कुराहरू छन् । जस्तैः एयरपोर्टमा श्रम डेस्क हुन्छ, एयरपोर्ट चार्ज लाग्छ भन्ने राखिएको छ, पहिला सामाजिक सुरक्षा कोष भन्ने थिएन यसका महत्त्व पाठ्यक्रममा राखेका छौं, त्यस्तै बिमा र कल्याणकारी कोषको दर बढेको छ । दिने सुविधा पनि बढेको छ । यी विषयहरूलाई विस्तार गर्न खोजेका छौं । गन्तव्य देशको कानुनहरू परिवर्तन भइरहन्छ । त्यो सिकाउने हो ।

**अबको कक्षा पूरै श्रव्यदृश्यमात्रै हुन्छन् कि लेक्चर पनि समावेश हुन्छ ?**

अब डिजिटलाइज्ड भइसकेपछि स्लाइडमा हुन्छ । त्यसलाई ब्रिफिङ गरिदिन पर्‍यो । फिल्म छ भने त्यसको आशय के हो भनेर अवगत नहुन सक्छ भनेर भनिदिने कुरा रह्यो तर पहिलाजस्तो इतिहास पढाए जसरी पढाएर यो अभिमुखीकरणको औचित्य नै रहँदैन ।

**अभिमुखीकरणसम्बन्धी फिल्महरू पनि बनेका छन् ? सरकारले बनाइदिन्छ कि व्यवसायी आफैंले ?**

२०६५ सालबाट नेपालमा यो अभ्यास हुँदै आएको छ । वैदेशिक रोजगार बोर्डले प्रत्येक वर्ष श्रव्यदृश्य बनाउन भनेर पैसा खर्च गरेको छ । बोर्डले केही नभए नि प्रत्येक वर्ष १५-२० लाख रूपैयाँ यसमा खर्च गर्छ । हामीसँग त आइपुगेकै छैन । महालेखाले के बनाइस् भन्दा पेनड्राइभ देखाइदिएपछि पास हुँदो रहेछ । यो आजसम्म बोर्डका अधिकारीहरूका नजिकका मान्छेले खाने बाटो बनेको छ । वेबसाइटमा एउटा-दुईटा राखिदिएको हुन्छ, कतिपय खुल्दै खुल्दैन । कतिपय पिडिओटीसँग सम्बन्धित नै हुँदैन । विदेश जान लागेको, पैसा नभएको, दुःख पाएको त्यस्तोमात्र कथाले त हुँदैन नि ! यसले कामदारलाई केही दिँदैन । विदेशमा के हुन्छ भनेर जानकारी गराउने हो ।

**अहिलेसम्म पाठ्यक्रममा समावेश नभएका तर महत्त्वपूर्ण विषयमा कसरी जानकारी गराइरहनुभएको छ ?**

महासंघ आफैंले पाठ्यक्रम बनाएको छ । कार्यविधिमा आएका विषयलाई आफैंले समावेश गरेर पढाइराखेका छौं । हामीले स्लाइड बनाएर सबै व्यवसायीलाई मेल गरिदिएका छौं । कतिपयमा स्मार्ट बोर्ड नै छैन होला । जसकोमा बोर्ड छ, उसले महासंघले बनाएको पाठ्यक्रम पढाइरहेको छ । हामीसँग ‘भिजुअल’ (श्रव्यदृश्य) भने छैन ।

**व्यवसायीहरू त हाजिर लगाउन लगाएर कक्षा लिएको भन्दै सरकारको आँखा छल्छन् भन्ने आरोप छ नि ? पाठ्यक्रम परिमार्जन भएपछि इमानदारीपूर्वक पढाउँछन् त ?**

प्रशिक्षण केन्द्रमा पढाएको छ छैन भनेर बाहिरबाट अन्दाज गर्ने होइन । विभागले दैनिक अनुगमन गर्छ त । पढाएको छैन भने कारबाही गर्नु पर्ने हो । पाएको सुविधा कसले प्रयोग गर्दैन ? सरकारले त्यो छुट दिन भएन नि । पढाएको छैन भने किन व्यापार गर्न दिएको ? सबैजना ठीक हुन्थे भने कन्ट्रोल गर्ने निकाय किन चाहियो देशमा ?

**हाम्रै जसरी वैदेशिक रोजगारीमा पठाउने भारत, बंगलादेश, फिलिपिन्सजस्ता मुलुकको पाठ्यक्रममा के फरक छ ?**

पहिलो कुरा त्यहाँ सरकार छ, यहाँ छैन । ती देशमा घुस नखाने त होइन होला तर छताछुल्ल हुनेगरी खाँदैनन् । विषयवस्तु नेपालको अझ फराकिलो छ । नेपालमा स्किल भएकाहरूलाई पनि पढाउनुपर्छ । त्यहाँ त्यस्तो छैन । ऐनमा दक्ष जनशक्तिलाई मात्र पठाउने भन्दाभन्दै सरकारले कार्यान्वयन गर्न सकेन । फिलिपिन्स, इण्डोनेसियाबाट काम गर्न जानेहरूको शिक्षाको लेभल प्लस-टुभन्दा माथि हुन्छ । हामीहरूकोचाहिँ जो पढ्नै सकेको छैन, केही पनि काम गर्न सक्दैन त्यसलाई विदेश पठाउने चलन छ । अनि फरक त्यसै भएन ?

**सीप सिकेर कुनै पनि मुलुकका कानुन, संस्कारलगायतका विषयमा आफैं जानकारी लिन सक्नेहरूका लागि कक्षा लिन कत्तिको जरुरी हुन्छ ?**

आफैंले जानकारीचाहिँ राख्न सकियो । कक्षामा जाने प्रोसेस, कागजात, बस्ने ठाउँको वातावरण, सम्बन्धित व्यक्तिको भूमिका, उसको कामलगायतका विषयमा मानसिकरूपमा तयार गराइन्छ । ती सबै कुराहरू युटचुवमा भेटिँदैन नि ।

**पाठ्यक्रम संशोधन भएपछि व्यवसायीहरूले के–के फेरबदल गर्नुपर्छ ?**

५० प्रतिशत संस्थामा पूर्वाधार सबै छ । ५० प्रतिशतमा राजनीतिक दादागिरी चलेको छ । त्यो सरकारले राम्ररी नियमन गर्नुपर्‍यो । ७० प्रतिशतभन्दा बढी श्रव्यदृश्य सामग्रीसहित पढाउनपर्छ भनेका छौं । अर्को कुरा दिनभरि राख्यो, पढायो अनि हाजिर गर भनेर पास हुने चलन छ । अबचाहिँ दिनभरि पढ्नपर्दो रहेछ, के-के छन् पाठ्यक्रममा भन्ने खोजी गर्ने बानी पनि बस्छ ।

**प्रशिक्षकहरूचाहिँ कत्तिको दक्ष छन् ?**

बजारमा १० प्रतिशत पनि प्रशिक्षक छैनन् । हामीले रोजगारी दिन सकेनौं । कसरी दिने ? २८-३० हजार रूपैयाँ तल दिएर ७०० मा ओरियन्टेसन दिन सक्दैनौं । हामीलाई पुग्ने खर्च दियो भने सबै पूर्वाधार राखेर पढाउन सक्छौं ।

**शुल्कको विषयमा के कस्तो हेरफेर हुन्छ ?**

शुल्कको विषयमा पाठ्यक्रममा कार्यविधि, नियमावली कतै बोलेको छैन । खासमा व्यवसायीले यति लाग्छ भन्ने र सरकारले त्यसलाई अनुमोदन गर्ने हो । किनभने, उत्पादन गर्ने ठाउँमा उत्पादन गरेको सामानको कति खर्च आउँछ भनेर उत्पादकलाई थाहा हुन्छ । सरकारलाई त हुँदैन नि । सरकारले नै इपिएसमा ६३ डलर लिन्छ, इजरायलमा पनि लिएको छ । हामीचाहिँ हाम्रो बिल्डिङ होइन, प्रशिक्षक बाहिरबाट ल्याउँछौं । अनि सस्तोमा, सित्तैमा गरिदिनपर्छ भन्ने भाष्य छ । सरकारसँग बिल्डिङ आफ्नै, प्रशिक्षक आफ्नै, प्रशासन आफ्नै हुँदा पनि ६३ डलर किन लिएको त ?

**अभिमुखीकरणलाई अझ बढी प्रभावकारी बनाउन सरकारले के–के कुरामा ध्यान दिनपर्छ ?**

नियम जे बनाए पनि हुन्छ । तर सबै चुस्त तरिकाले कार्यान्वयन गर्नुपर्‍यो । प्रशिक्षकहरूलाई युनिफर्म (पोसाक)को व्यवस्था गरिदिनुपर्छ । त्यो भयो भने गलत मान्छे कक्षामा जाँदैनन् । सरकारलाई पनि सजिलो हुने भयो पहिचान गर्न । अर्कोचाहिँ पाठ्यक्रममा ‘भिजुअल’ (श्रव्यदृश्य) एकदमै चाँडो लागू हुनपर्‍यो । मैले भिजुअल बनाउन बजेट भाषण हुँदा तीन वटा भाग बनाएर बोर्डमा बुझाएको थिएँ । अहिलेसम्म टेबलमा पुगेको छैन । एउटा गाउँको कोदालो छोडेपछि एयरपोर्टसम्म पुग्ने पार्ट, एयरपोर्टदेखि कार्यस्थलसम्म दोस्रो पार्ट र बस्ने बासस्थान, सामाजिक वातावरण र कानुन गरी तीन पार्टमा भिजुअल बनाउनुपर्छ भनेर बनाउन दिएको, बोर्डले छोएको पनि छैन ।

**व्यवसायीले पनि सुधार गर्नुपर्ने विषयहरू होलान् नि ?**

हामी पनि दूधले नुहाएको होइन । सञ्चालकको पनि योग्यता तोक्नुपर्छ । किनकि कहिलेकाहीँ प्रशिक्षक नआएको अवस्थामा कम जनशक्ति भएको ठाउँमा सञ्चालक कक्षामा जानुपर्छ, ज्ञान त हुनपर्‍यो । लगानी गरेर छोडिदिने हस्पिटल होइन नि ! त्यसकारण कम्तीमा एउटा लाइसेन्स हुनुपर्‍यो । अर्को कुरा १४३ वटा संस्थामध्ये ५० वटाभन्दा बढी संस्था एजेण्टको हातमा र २२ वटा म्यानपावरको हातमा छ । म्यानपावर र एजेण्टको इन्टेनसन के हो त ? व्यक्ति पढाउने हो कि मान्छे आउट गराउने हो ? यसले गर्दा हामी नितान्त ओरियन्टेसनमात्र भएकाहरू बाँच्नका लागि पनि उनीहरूसँगै दौडनुपर्ने बाध्यता छ । लाइसेन्स दिँदा कस्तोलाई दिएको छ भन्ने विवरण सरकारसँग हुनुपर्‍यो । संस्था नामसारी, ठाउँसारी कसले गरेको छ त्यो खोजी गर्नपर्‍यो ।

अर्को कुरा, हाम्रा साथीहरूलाई एउटा सन्देश दिन चाहन्छु- हामीले इमान्दारसाथ पढाउनुपर्छ । पैसा लिने कुरामा हामी सरकारसँग डायलग (संवाद) गर्छौं । कानुन बनेको छ । कार्यान्वयन गर्ने कुरामा कहाँ लड्नपर्ने हो, हामी लड्छौं । तर पढाउनचाहिँ पर्छ है ! यदि पढाइँदैन र सरकारले संस्था खारेज नै गर्‍यो भने पनि हामी बोल्दैनौं । महासंघ व्यवसायीको हकहितका लागि बनेको हो, गलत मान्छेलाई संरक्षण गर्नुपर्छ भनेर होइन ।

मुख्यसचिव अर्यालको निर्देशन

# उपभोग्य वस्तुको सहज आपूर्ति व्यवस्था मिलाउनू

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुख्यसचिव एकनारायण अर्यालले आसन्न चाडपर्वमा उपभोग्यवस्तुको सहज आपूर्तिका लागि बजार अनुगमन र मूल्यवृद्धि नियन्त्रणमा ध्यान दिन निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आइतबार बसेको केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ७१औं बैठकमा उनले उपभोग्यवस्तु सुपथ मूल्यमा सहजरूपमा उपलब्ध गराउन साल्ट ट्रेडिङ कम्पनी लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई निर्देशन दिएका हुन् ।

मुख्यसचिव अर्यालले भने, ‘चाडपर्वमा उपभोग्यवस्तुको सहज उपलब्धता, महँगी नियन्त्रण तथा नापतौलमा हुने ठगी नियन्त्रण गर्न संयुक्त बजार अनुगमन आवश्यक छ । यस वर्ष राज्यका सबै संयन्त्रले देखिनेगरी काम गर्नुपर्छ । यसमा तपाईंहरू गम्भीर भएर लाग्नुस् ।’

उनले प्रमुख जिल्ला अधिकारी, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र व्यापार कम्पनीले संयुक्त अनुगमनका लागि तीन दिनभित्र आवश्यक व्यवस्थापन गर्न निर्देशन दिए । उनले बजार अनुगमन, कालोबजारी, अखाद्यवस्तुको बिक्रीवितरण रोक्न सरोकार भएका सबै निकायबीच प्रभावकारी समन्वय जरूरी रहेकामा जोड दिए । ‘अनलाइन’मार्फत बसको टिकट बिक्री प्रणाली र क्षमताका आधारमामात्रै टिकट बिक्रीवितरणको व्यवस्था मिलाउन पनि यातायात व्यवस्था विभागलाई मुख्यसचिव अर्यालले निर्देशन दिए ।



उनले शान्ति सुरक्षाको भरपर्दो व्यवस्था गर्न तीनवटै सुरक्षा निकायलाई आग्रह गरे । राजस्व छली नियन्त्रण तथा सार्वजनिक बिदामा पनि अत्यावश्यक सेवालाई निरन्तरता दिने व्यवस्था मिलाउन अर्यालले गृह मन्त्रालयलाई समन्वयका लागि आग्रह गरे । उनले भने, ‘राजस्व छली नियन्त्रण, वस्तु खरिदको वास्तविक बिल विजकको सुनिश्चित गरिनुपर्छ । वीरगञ्जमा सामान ‘लोड’ हुन्छ । ठमेलमा बिल बन्छ, यो बदमासी कडाइका साथ नियन्त्रण हुनुपर्छ । व्यावसायिक प्रशासनको प्रत्याभूति दिनसक्नुपर्छ । सुनको बदमासीलाई पनि नियन्त्रण गरिनुपर्छ ।’

मुख्यसचिव अर्यालले प्रदेश र स्थानीय तहका प्रमुखले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर बजार अनुगमनलगायत क्रियाकलापमा सक्रियता देखाउनुपर्नेमा जोड दिए । बैठकबाट भएका निर्णयको कार्यान्वयनको प्रगति समीक्षा गर्न दसैं अगाडि बैठक बस्ने जानकारी दिँदै उनले आ-आफ्नो क्षेत्रमा इमान्दारिताका साथ क्रियाशील हुन सबैलाई सचेत गराए ।

बैठकमा गृहसचिव गोकर्णमणि दुवाडीले चाडपर्वमा महँगी र कालोबजारी नियन्त्रणलाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिए । उनले सार्वजनिक यातायातलाई व्यवस्थित गर्न पनि आग्रह गरे । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले चाडपर्वलक्षित खाद्यसहजताका लागि देशभर सुपथ मूल्य पसल खोलिने र आपूर्ति व्यवस्थालाई सहज बनाइने विश्वास दिलाए । उनले उपभोग्य वस्तुको आपूर्ति सहजता र बजार अनुगमनलाई प्रभावकारी बनाइने उल्लेख गरे ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव केशवकुमार शर्माले वर्षाले अवरुद्ध सडक सञ्चालन गर्न र सवारी आवागमनलाई व्यवस्थित बनाउन लागिपर्ने बताए । उनले दसैंमा बसको यात्रालाई व्यवस्थित बनाउन अनलाइन ‘टिकेटिङ’को व्यवस्था गरिने उल्लेख गरे ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले जनताले अनुभूत गर्नेगरी सेवा प्रवाह गरिनुपर्नेमा जोड दिए । उनले पर्यटक व्यवस्थापन र सुरक्षा प्रणाली बलियो बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले चाडपर्वको समयमा यात्रु आगमनलाई सहज बनाउन विमानस्थलको उडान समयावधि बढाउने र उडान सफ्या थपेर यात्रुलाई सहजरूपमा गन्तव्यमा पुर्‍याउन पहल गरिने बताए । प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले चाडपर्वलक्षित सुरक्षा योजना बनाएर प्रभावकारी कार्यान्वयन गरिने बताए ।